# कोशी प्रदेशको बजेट कार्यान्वयनको
# वार्षिक प्रगति प्रतिवेदन
# (आर्थिक वर्ष २०७९/८०)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल
२०८०, कार्तिक

# कोशी प्रदेशको बजेट कार्यान्वयनको
# वार्षिक प्रगति प्रतिवेदन
# (आर्थिक वर्ष २०७९/८०)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल
२०८०, कात्तिक

## मन्तव्य

कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० मा मन्त्रालयगत रूपमा भएका मुख्य–मुख्य प्रगतिका साथै बजेट कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि अवलम्बन गर्नुपर्ने विषयवस्तु समेटेर यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत प्रतिवेदनले कोशी प्रदेश सरकारको आय प्राप्ति र खर्चको समग्र अवस्थालाई प्रतिविम्बित गरेको छ ।

संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानका कार्यक्रमहरूमा विनियोजित बजेट आर्थिक वर्षका बिचमा फिर्ता लगिँदा तथा वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताको ५० प्रतिशत बजेट निकासा नगरिएका कारण समग्र बजेटको आकार संकुचित हुनपुग्यो । त्यसैले उक्त विनियोजित बजेटका कार्यक्रमहरू कार्यान्वयनमा आउन सकेनन् । विगतका वर्षहरूमा सिर्जित ठुलो आर्थिक दायित्व, राजनैतिक अस्थिरता र सीमित कर्मचारीका कारण जनअपेक्षा बमोजिमका कार्यसम्पादन गर्न हामीलाई चुनौतीपूर्ण रह्यो ।

प्रदेशको सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउन चालु खर्चतर्फ अनिवार्य दायित्व बाहेकका बजेटमा २५ प्रतिशत कटौती गरी उक्त रकमलाई पुँजीगत तर्फका बहुवर्षीय र क्रमागत आयोजना/कार्यक्रमहरूमा रकमान्तर गरी स्रोत व्यवस्थापन गरिएको थियो । परिणामस्वरूप केही बहुवर्षीय आयोजनाहरूको निर्माण कार्य सम्पन्न हुनुका साथै पुँजीगत खर्चको बढोत्तरी भएको छ ।

विनियोजन कुशलतामा अभिवृद्धि गर्न आयोजनाको छनौट तथा प्राथमिकीकरण गर्नुपर्ने हुँदा त्यसका लागि कानुनी र नीतिगत बन्दोबस्त गर्न आवश्यक भएकाले प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरणसम्बन्धी कार्यविधि, २०८० र प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका माध्यमबाट आगामी दिनमा प्रदेशको वित्तीय सुशासन समेत कायम हुने अपेक्षा गरेको छु ।

प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनमा समेटिएको प्रदेश सरकारको आम्दानी, खर्चको अवस्था, विभिन्न मन्त्रालय वा निकायहरूबाट सञ्चालन भएका आयोजना वा कार्यक्रमहरूको प्रगति विवरण सम्बद्ध सबैलाई उपयोगी हुने विश्वास लिएको छु ।

अन्त्यमा प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै निकाय र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न मन्त्रालयका सबै राष्ट्रसेवक कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्दछु ।

केदार कार्की
मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

# मन्तव्य

कोशी प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारबाट सञ्चालित वार्षिक कार्यक्रमहरुको प्रगतिको समीक्षा गरी यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ । समीक्षा अवधिको प्रदेशको आय र व्ययको अवस्था, राजश्व परिचालन र खर्च व्यवस्थापन सम्बन्धी विवरणहरु यस प्रतिवेदनमा समावेश गरिएको छ ।

आर्थिक वर्ष २०७९/८० मा कुल पुँजिगत बजेटको ८४.३४% बजेट खर्च गर्न प्रदेश सफल भएको छ। यो प्रतिवेदन विषयगत मन्त्रालय र निकायहरुको मन्त्रालय स्तरीय समीक्षा र प्रगति प्रतिवेदनका आधारमा तयार गरिएको छ। प्रगति समीक्षाबाट आगामी आ.व. मा विकासका लक्ष्यहरु हासिल गर्न नीतिगत र कार्यगत सुधारमा पृष्ठपोषण हुने अपेक्षा गरेको छु।

अन्त्यमा, यो वार्षिक प्रगति प्रतिवेदन कोशी प्रदेश सरकारको वार्षिक कार्यक्रम कार्यान्वयनका सम्बन्धमा जानकारी राख्न चाहने सबै सरोकारवालाहरुका लागि उपयोगी हुने विश्वास लिएको छु। यस प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण, तथ्याङ्क उपलब्ध गराउने विषयगत मन्त्रालयहरु, निकायहरु र प्रतिवेदन तयारीमा संलग्न मन्त्रालयका सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

श्याम प्रसाद भण्डारी
प्रदेश सचिव

# विषय सूची

| विषय | पाना नं |
|---|---|


परिच्छेद एक ........ १
प्रदेश समष्टिगत आर्थिक तथा वित्तीय स्थिति ........ १
१.१ वास्ताविक क्षेत्र ........ १
१.२ सरकारी वित्त स्थिति ........ २
परिच्छेद दुई ........ ३
राजस्व परिचालन तथा अनुदान प्राप्ति ........ ३
२.१ राजस्व संकलन तथा अनुदान ........ ३
परिच्छेद तीन ........ ५
बजेट विनियोजन र खर्च स्थिति ........ ५
३.१ पृष्ठभूमि ........ ५
३.२ शीर्षकगत खर्चको स्थिति ........ ६
३.३ खर्चको स्रोतगत विश्लेषण ........ ८
३.४ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति ........ ९
३.५ पाँच आर्थिक वर्षको बजेट विनियोजन र खर्चको विवरण ........ १०
परिच्छेद चार ........ १२
स्थानीय तहमा वित्तीय हस्तान्तरण ........ १२
४.१ पृष्ठभूमि ........ १२
४.२ स्थानीय तहमा वित्तीय हस्तान्तरण ........ १२
परिच्छेद पाँच ........ १४
विषयगत मन्त्रालय र निकायहरुको प्रगतिको अवस्था ........ १४
५.१ प्रदेश सभा सचिवालय ........ १४
५.२ मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय ........ १४
५.३ आर्थिक मामिला तथा योजना मन्त्रालय ........ १५
५.४ भौतिक पूर्वाधार विकास मन्त्रालय ........ १८
५.५ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ २१
५.६ स्वास्थ्य मन्त्रालय ........ २२

५.७ खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय ........ २६

५.८ सामाजिक विकास मन्त्रालय ........ २७

५.९ उद्योग, कृषि तथा सहकारी मन्त्रालय ........ ३८

५.१० पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ ४३

५.११ प्रदेश लोक सेवा आयोग ........ ४५

५.१२ प्रदेश योजना आयोग ........ ४६

५.१३ मुख्य न्यायाधिवक्ताको कार्यालय ........ ४६

परिच्छेद छ ........ ४७
बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण ........ ४७
परिच्छेद सात ........ ४८
बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरू ........ ४८
७.१ बजेट तर्जुमामा देखिएका समस्याहरू ........ ४८

७.२ बजेट कार्यान्वयनमा देखिएका समस्याहरू ........ ४९

७.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या ........ ५०

७.४ बजेट तर्जुमामा गर्नु पर्ने सुधारहरू ........ ५१

७.५ बजेट कार्यान्वयनमा गर्नु पर्ने सुधारः ........ ५२

७.६ प्रदेशका बहुवर्षीय आयोजना कार्यान्वयनका समस्या र समाधानका उपायहरू ........ ५४

७.७ अन्तर सरकारी वित्त हस्तान्तरणमा देखिएका समस्या र समाधानका उपायहरू ........ ५५

अनुसूची-१ ........ ५८
आ.व. २०७९/०८० मा कायम बजेट विनियोजन ........ ५८

# परिच्छेद एक
# प्रदेश समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ वास्तविक क्षेत्र

- प्रदेशको कुल क्षेत्रफलको हिमाली क्षेत्रले ४०.२९%, पहाडी क्षेत्रले ३३.३५%, भित्री मधेशले ७.९६% र तराईले १८.२५% ओगटेको छ । संसारकै अग्लो हिमाल सगरमाथा देखि नेपालको सबै भन्दा होचो ठाँउ केचनाकवल यसै प्रदेशमा रहेका छन् ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको जनसंख्या ४९ लाख ६१ हजार ४१२ रहेको छ। वार्षिक जनसंख्या बृद्धिदर ०.८६ प्रतिशत रहेको छ। कोशी प्रदेशको लैङ्गिक विकास सुचकाङ्क ०.९०१ रहेको छ भने लैङ्गिक असमानता सूचकाङ्क ०.४५९ रहेको छ। मानव विकास प्रतिवेदन २०२२ को अवस्थालाई हेर्दा यस प्रदेशको मानव विकास सुचकांक स्थिति ०.५८० रहेको छ ।
- आ.व.२०७९/८० को नेपालको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको कुल गार्हस्थ उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः ३३.५ प्रतिशत, १६.५ प्रतिशत र ५० प्रतिशत रहेको छ। कोशी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १,२९९ अमेरिकी डलर रहेको छ।
- प्रदेशको कुल भू-भागको ३१.९ प्रतिशत क्षेत्र कृषिका लागि उपयुक्त रहेको छ। यस प्रदेशको खेतियोग्य जमिन ८ लाख २६ हजार ६४६ हेक्टर मध्ये ८६.४ प्रतिशतमा मात्र खेती भइरहेको छ भने खेती योग्य तर बाँझो जग्गा करिव १३.६ प्रतिशत रहेको छ। त्यसैगरी कुल भु-भागको ४४.४४ प्रतिशत वन, ४.५२ प्रतिशत बुट्यान गरी जम्मा ४८.९६ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ।१९ प्रतिशत भू-भाग निकुञ्ज वा संरक्षित क्षेत्र रहेको छ। कृषि भूमिमा सिँचाइ सुविधा पुगेको प्रतिशत ३८.६ रहेको छ। जसको अधिकांश भू-भाग (८७ प्रतिशत) तराईका तीन जिल्लाहरु क्रमशः झापा, मोरङ र सुनसरी पर्दछ। खाद्यान्न उत्पादनका दृष्टिले यो प्रदेश आत्मनिर्भर मात्र होइन अन्य प्रदेश र मित्रराष्ट्रहरुमा समेत निर्यात गर्ने हैसियत राख्दछ।
- प्रदेशका सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जाल संग जोडिएका छन। यस प्रदेशमा स्थानीय सडक संजाल १३ हजार १२९ कि. मि.मा विस्तार भएको छ भने यस आ.व.मा ५४ वटा झोलुङ्गे पुल, कालोपत्रे सडक २०६.४८२ कि.मि., सडक ग्राभेल २५९.३८९ कि.मि. निर्माण भएको छ।
- नेपालमा सञ्चालन स्वीकृत पाएका उद्योग मध्ये ९.५ प्रतिशत उद्योग कोशी प्रदेशमा दर्ता भएका छन। कोशी प्रदेशमा उद्योग क्षेत्रको कुल लगानी आ.व.२०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा ११.५ प्रतिशतले बृद्धि भएको छ।
- प्रदेशगत रुपमा विद्यालय सबैभन्दा बढी यसै प्रदेशमा रहेका छन्। जसको प्रतिशत १९.५० रहेको छ। कोशी प्रदेशका सबै जिल्लाहरु साक्षर घोषणा भएका छन्।
- कोशी प्रदेशको कुल जनसंख्या मध्ये ९७ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच (वैकल्पिक उर्जा सहित) पुगेको छ।

- प्रशासनिक संरचना अन्तरगत कोशी प्रदेशमा १४ वटा जिल्लाहरु र १३७ वटा स्थानीय तहहरु रहेका छन। जसमध्ये १ वटा महानगरपालिका, २ वटा उपमहानगरपालिका, ४६ वटा नगरपालिका र ८८ वटा गाँउपालिका रहेका छन् ।

## १.२ सरकारी वित्त स्थिति

### १.२.१ खर्च तथा राजस्व

- आ.व.२०७९/८० मा राजस्व, अनुदान र आ.व.को सुरुवातको मौज्दात गरी प्रदेश सञ्चित कोषमा रु.३५ अर्ब १७ करोड ८ लाख ५६ हजार नगद र वैदेशिक अनुदानको सोझै भुक्तानी रु.३ करोड ७८ लाख २१ हजार सहित **रु.३५ अर्ब २० करोड ८६ लाख ७७ हजार** आम्दानी भएको छ ।
- विविध कारणले राजस्व संकलन कमी, संघीय वित्तीय समानीकरण अनुदान कटौती एवम् आ.व.को बीचमा संघ सशर्त अनुदानका आयोजना/कार्यक्रम फिर्ता भएको कारण आ.व.२०७९/८० मा प्रदेश सरकारको आम्दानी अघिल्लो आ.व.को तुलनामा ५.२ प्रतिशतले संकुचन भएको छ।
- आ.व.२०७९/८० प्रदेश सञ्चित कोषबाट रु.३० अर्ब ७१ करोड ९९ लाख ६० हजार र सोझै भुक्तानीबाट रु.३ करोड ७८ लाख २१ हजार समेत गरी कोशी प्रदेश सरकारको कुल खर्च **रु.३० अर्ब ७५ करोड ७७ लाख ८१ हजार** रहेको छ ।
- आ.व.२०७९/८० को कुल खर्च मध्ये चालु खर्च रू.९ अर्ब ९ करोड ८३ लाख १० हजार, पूँजीगत खर्च रू.१८ अर्ब ११ करोड २५ लाख ४९ हजार र स्थानीय तहमा वित्तीय हस्तान्तरणको खर्च रू.३ अर्ब ५४ करोड ६९ लाख २२ हजार रहेको छ ।
- अघिल्लो आ.व.२०७८/७९ को तुलनामा आ.व.२०७९/८० मा कोशी प्रदेशको कुल खर्चमा **२.६ प्रतिशतले वृद्धि** भएको छ। आ.व.२०७८/७९ मा प्रदेशको कुल खर्च रु.२९ अर्ब ९६ करोड ६४ लाख ३६ हजार रहेको थियो।
- आ.व.२०७८/७९ को तुलनामा आ.व.२०७९/८० मा कोशी प्रदेशको **पूँजीगत खर्च ७.६ प्रतिशत वृद्धि** भएको छ भने **चालु खर्च ३.७ प्रतिशत कम** भएको छ।

### १.२.२ प्रदेश सञ्चित कोषको अवस्था

- प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तयार भएको कोशी प्रदेश सरकारको आ.व.२०७९/८० को एकीकृत वित्तीय विवरण (प्रारम्भिक) अनुसार प्रदेश सञ्चित कोषमा आर्थिक वर्षको अन्त्यको मौज्दात **रु.४ अर्ब ४५ करोड ८ लाख ९६ हजार** रहेको छ ।
- प्रदेश सञ्चित कोषमा रहेको मौज्दात मध्ये आ.व.२०७९/८० मा संघीय सरकारबाट प्राप्त भएको सशर्त, समपूरक र विशेष अनुदान खर्च नभई बाँकी रहेको **रु.१ अर्ब ५२ करोड २८ लाख ५२ हजार** रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नुपर्ने प्रारम्भिक विवरण रहेको छ।

# परिच्छेद दुई
# राजस्व परिचालन तथा अनुदान प्राप्ति

## २.१ राजस्व संकलन तथा अनुदान

आर्थिक वर्ष २०७९/८० मा ३९ अर्ब ७३ करोड ८३ लाखको बजेटमा रू.२० अर्ब ३८ करोड २४ लाख राजस्व संकलन हुने अनुमान गरिएको थियो। संघीय सरकारबाट प्राप्त हुने अनुदानमा रू.१९ अर्ब ९ करोड ९१ लाख प्राप्त हुने बजेट सीमा प्राप्त भएको थियो। नगद मौज्दात रु.३ अर्ब ५१ करोड ५५ लाख बचत हुने अनुमान गरिएको थियो। यस अवधिमा विभिन्न शीर्षकहरूमा संकलन भएको राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### तालिका २.१ राजस्व संकलन तथा अनुदान प्राप्तिको अवस्था

(रकम रु. हजारमा)

| क्र. सं. | शीर्षक | आ.व. २०७८/७९ | | | आ.व.२०७९/८० | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्राप्ति | प्रतिशत | लक्ष्य | प्राप्ति | प्रतिशत | |
| १. | आन्तरिक राजश्व | ४०९७५९६ | ४४८४९११ | १०९.५ | ४९८४५०० | ३८१५३२२ | ७६.५ | -१४.९ |
| २. | संघीय राजश्व बाँडफाँट | ९८१६६९६ | १००२३५५९ | १०२.१ | ११८८२४०० | ८४०४७८२ | ७०.७ | -१६.१ |
| ३. | नगद मौज्दात | २०००००० | ४१०६१११ | २०५.३ | ३५१५५०० | ७१६४७५० | २०३.८ | ७४.५ |
| ४. | समानीकरण अनुदान | ८५६७८०० | ८५६७८०० | १००.० | ९००८२०० | ७८८२१७५ | ८७.५ | -८.० |
| ५. | सशर्त अनुदान | ५९६७७०० | ८१३९६४८ | १३६.४ | ८६९५९०० | ६५०८८२७ | ७४.८ | -२०.० |
| ६. | समपूरक अनुदान | ११६४८०० | ११६४८०० | १००.० | ९२०००० | ९२०००० | १००.० | -२१.० |
| ७. | विशेष अनुदान | ५९३३०० | ५९३३०० | १००.० | ४७५००० | ४७५००० | १००.० | -१९.९ |
| ८. | वैदेशिक अनुदान (सोझै भुक्तानी) | २६१३०८ | ५१०५७ | १९.५ | २५६८०० | ३७८२१ | १४.७ | -२५.९ |
| **जम्मा** | | **३२४६९२००** | **३७१३११८६** | **११४.४** | **३९७३८३००** | **३५२०८६७७** | **८८.६** | **-५.२** |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रारम्भिक प्रतिवेदन अनुसार)

माथिको तालिका नं. २.१.१ अनुसार यस आर्थिक वर्षमा राजस्व, अनुदान तथा नगद मौज्दात समेतबाट जम्मा रु.३५ अर्ब २० करोड ८६ लाख ७७ हजार संकलन एवम् प्राप्ति भएको छ। प्रदेश आन्तरिक राजस्व र संघीय राजस्व बाँडफाँटमा गत वर्षको तुलनामा कम प्राप्ति भएको छ। संघीय वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताको ५०% कटौती हुँदा लक्ष्य भन्दा कम अनुदान प्राप्त भएको हुँदा स्रोत व्यवस्थापनमा केही असहज भएको छ। यस्तै संघीय सशर्त अनुदान अन्तरगत प्रदेशमा हस्तान्तरण भएका आयोजना तथा कार्यक्रम नेपाल सरकारबाट फिर्ता भई रु.२ अर्ब १६ करोड ६७ लाख अनुदान कटौती भएको थियो। संघबाट प्राप्त हुने अनुदान स्रोतमा अघिल्लो वर्षको तुलनामा कम प्राप्त भएको छ।

प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित रहेको हुँदा प्रदेशको खर्चको आवश्यकता र कार्यक्षेत्र अनुसार स्रोत परिचालनका लागि प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको हिस्सा

बढाउनका लागि नीतिगत रुपमा पहल गर्न आवश्यक रहेको छ। साथै प्रदेशको अधिकारक्षेत्र अन्तरगत पर्ने कृषि आयमा कर संकलनको लागि समेत कानूनी एवम् प्रशासनिक व्यवस्था गर्नुपर्ने देखिन्छ।

**तालिका २.२ प्रदेशको आन्तरिक राजस्वको शीर्षकगत विश्लेषण**

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | आ.व.२०७९/८० को वार्षिक लक्ष्य | आ.व.२०७८/७९ को प्राप्ति | आ.व.२०७९/८० को प्राप्ति | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १. | बाँडफाँटबाट प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन दस्तुर | १५००००० | १६५०८७२ | १०२५३२० | -३८% |
| २. | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १३२०००० | ११९३१९० | ११९४५७३ | ०.१% |
| ३. | चालक अनुमतिपत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धी दस्तुर | ६००००० | ५८४३९९ | ६१८३९२ | ६% |
| ४. | बाँडफाँड भई प्राप्त दहत्तर बहतर शुल्क | १५०००० | २८०४०० | १५२६६८ | -४६% |
| ५. | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९२९५० | ९५१५७ | ६५४४० | -३१% |
| ६. | यातायात क्षेत्रको आम्दानी | २००००० | ८९६१९ | ८३०७३ | -७% |
| ७. | प्रशासनिक सेवा शुल्क, दस्तुर | २४४४५० | ८५४३० | ११५१७२ | ३५% |
| ८. | दण्ड जरिवाना र जफत, विविध राजस्व | ६२५० | ७७६४ | १४१७७ | ८३% |
| ९. | वस्तु तथा सेवा विक्रिबाट प्राप्त | ३७७०० | ४४३१३ | ५६०५८ | २७% |
| १०. | मनोरञ्जन तथा विज्ञापन कर | १२०४० | ४५०२ | ६४८५ | ४४% |
| ११. | अनुदान फिर्ता, निकासा फिर्ता र बेरूजु असुली | ८२११५० | ४४९२६५ | ४८३९६४ | ८% |
| **जम्मा** | | **४९८४५४०** | **४४८४९११** | **३८१५३२२** | **-१५%** |

(स्रोत प्रदेश लेखा नियन्त्रक कार्यालय)

माथिको तथ्याङ्क विश्लेषण गर्दा प्रशासनिक खर्च, चालक अनुमति पत्र सम्बन्धी दस्तुर एवम् अनुदान फर्ता लगायतका केही शीर्षकमा राजस्व संकलन अघिल्लो आ.व.को तुलनामा वृद्धि भएको छ। घरजग्गा रजिष्ट्रेशन शुल्क, यातायात क्षेत्रको शुल्क, दहत्तरबहत्तर शुल्क, व्यवसाय रजिष्ट्रेशन दस्तुर कम संकलन भएको छ। घरजग्गाको कारोवारको रकम भएकोले रजिष्ट्रेशन शुल्क अघिल्लो वर्षको तुलनामा यस बर्ष न्यून संकलन भएको देखिएको छ। घरेलु तथा साना उद्योग दर्ता नवीकरण शुल्कमा कमी आएको देखिएको छ भने त्यसैगरी प्रदेश आर्थिक ऐन अनुसार छुट एवम् सहुलियत दिइएको हुँदा पनि व्यवसाय रजिष्ट्रेशन दस्तुर संकलनमा समेत कम भएको हो। विगत वर्षमा भन्दा यस वर्ष आन्तरिक राजश्व संकलन १५ प्रतिशतले ऋणात्मक भएको छ।

# परिच्छेद तीन
# बजेट विनियोजन र खर्च स्थिति

## ३.१ पृष्ठभूमि

प्रदेशको समृद्धिको आधार तयार गर्ने र राज्यको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउदै सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने उद्देश्य सहित बजेट प्रस्तुत भएको थियो।

स्वास्थ्य सेवाको दायरा विस्तार, उपचारको व्यवस्था, स्वास्थ्य यन्त्र उपकरण तथा सामग्रीको आपुर्ति, निःशुल्क खोपको सुनिश्चितता र चिकित्सक एवम स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालन, व्यवस्थित स्वास्थ्य प्रणाली तथा स्वास्थ्य संरचनाका लागि पूर्वाधार निर्माणमा जोड तथा स्वास्थ्यकर्मीहरको क्षमता अभिवृद्धि, कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि तथा कृषि क्षेत्रमा युवाहरूको परिचालन, उद्योग, व्यवसाय, पर्यटन क्षेत्रहरूमा रोजगारी तथा स्वरोजगारीका अवसरहरूको सिर्जना, निर्माणाधिन तथा अधुरा आयोजनाहरूको निर्माण कार्य सम्पन्न, लक्षित वर्गलाई जीवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षण, जीवनोपयोगी एवम सीपमुलक शिक्षामा जोड, संघ र स्थानीय तहसंग सहयोग, समन्वय र सहकार्य मार्फत सन्तुलित विकास, सबै प्रकारका विभेदको अन्त्य गर्दै विकासको प्रतिफलमा न्यायपूर्ण पहुँच , गरिबी निवारणका लागि सहकारीको माध्यमबाट पूँजी निर्माण गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउने, रोजगारी सिर्जनाका लागि सहजीकरण गरिने, वन क्षेत्रको दिगो विकास, उपयोग, वातावरण संरक्षण गर्दै जलवायु परिवर्तनको प्रतिकुल असर न्यून गरिने, प्रदेशको सुशासन र सेवा प्रवाहमा सुधार गर्न सबै संयन्त्रलाई प्रभावकारी बनाइने प्राथमिकता निर्धारण बजेटमा गएको थियो।

### ३.१.१ कुल वार्षिक विनियोजन र खर्चको स्थिति

आ.व.२०७९/८० मा कोशी प्रदेशको कुल बजेट रु.३९ अर्ब ७३ करोड ८३ लाख विनियोजन रहेको थियो। कुल विनियोजित बजेटमा संघीय सशर्त अनुदानमा केही बजेट थप भई कुल बजेट विनियोजन रु.३९ अर्ब ९२ करोड ७५ लाख कायम भएको थियो। उक्त बजेटबाट नेपाल सरकारद्वारा निर्णय भई सशर्त अनुदान तर्फका रु.२ अर्ब १६ करोड ६७ लाख ६० हजार रकमको आयोजना तथा कार्यक्रम फिर्ता भएकोले अन्तिम बजेट रु.३७ अर्ब ७६ करोड ८ लाख कायम भएको छ।

**तालिका ३.१ कोशी प्रदेशको आर्थिक वर्ष २०७९/८० को विनियोजन र खर्च**

रकम रू.हजारमा

| शीर्षक | कुल विनियोजन | कुल विनियोजन सँगको अनुपात | कुल खर्च | कुल खर्चसँगको अनुपात | विनियोजनको तुलनामा खर्च |
|---|---|---|---|---|---|
| चालु खर्च | १२१३८२८१ | ३०.४% | ९०९८३१० | २९.६% | ७४.९६% |
| पूँजीगत खर्च | २३६४३१६२ | ५९.२% | १८११२५४९ | ५८.९% | ७६.६१% |
| स्थानीय तह अनुदान | ४१४६१०० | १०.४% | ३५४६९२२ | ११.५% | ८५.५५% |
| **जम्मा** | **३९९२७५४३** | **१००.०%** | **३०७५७७८१** | **१००.०** | **७७.०३%** |

(स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय)

तालिका ३.१ अनुसार प्रदेशको कुल विनियोजनको तुलनामा ७७.०३ प्रतिशत खर्च भएको छ। आ.व. २०७८/७९ मा संघबाट प्रदेशमा प्राप्त सशर्त, समपुरक र विशेष अनुदान खर्च नभएको रू. १ अर्ब ४६ करोड १२ लाख १३ हजार रकम आ.व. २०७९/८० मा संघीय संचित कोषमा फिर्ता गरिएको रकम समेत चालु खर्चमा समावेश रहेको छ ।

राजस्व संकलनमा संकुचन आएको, संघीय अनुदान समेत कटौती भएको र दायित्व सिर्जना भएका निर्माणाधीन आयोजनाको भुक्तानी गर्न माग गरे अनुसार संघबाट थप बजेट समेत प्राप्त नभएको हुँदा सबै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न एवम् सिर्जित दायित्व भुक्तानी गर्न नसक्दा लक्ष्य अनुसार खर्च हुन नसकेको देखिन्छ।

**तालिकाः ३.२ संघीय सशर्त अनुदान फिर्ता भएपछि कायम बजेट अनुसार खर्चको तुलना**

रकम रु. हजारमा

| शीर्षक | कायम विनियोजन | कुल खर्च | कायम विनियोजनको तुलनामा खर्च |
|---|---|---|---|
| चालु खर्च | १२१३८२८१ | ९०९८३१० | ७४.९६% |
| पूँजीगत खर्च | २१४७६४०२ | १८११२५४९ | ८४.३४% |
| स्थानीय तह अनुदान | ४१४६१०० | ३५४६९२२ | ८५.५५% |
| **जम्मा** | **३७७६०७८३** | **३०७५७७८१** | **८१.४५%** |

आर्थिक वर्षको बीचमा नेपाल सरकारद्वारा फिर्ता भएको सशर्त अनुदानको बजेट बाहेक कायम बजेटको तुलनामा ८१.४५ प्रतिशत खर्च भएको छ, भने पूँजीगत बजेटको तुलनामा पुँजीगत खर्च ८४.३४ प्रतिशत रहेको छ। प्रदेशको बजेटमा समेत समावेश भई कतिपय निर्माण कार्य प्रारम्भ समेत भईसकेका आयोजनाहरुको अनुदान कटौती गरी संघीय निकायबाट कार्यान्वयन गर्ने गरी फिर्ता भएपछि बजेट कार्यान्वयनमा थप चुनौतीको सामना गर्नुपरेको थियो।

## ३.२ शीर्षकगत खर्चको स्थिति

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ बमोजिम स्थापना भएका मन्त्रालय तथा केही मन्त्रालयहरुको कार्य विभाजनमा भएको थपघटले आर्थिक वर्षको बीचमा बजेट रकमान्तर हुँदा शीर्षकगत बजेटको सुरु विनियोजनमा परिवर्तन भएको छ। चालुतर्फको कतिपय प्रशासनिक खर्च र पुँजीगत तर्फ सवारी साधन तथा सामाग्री खरिद लगायतमा समेत आयोजनाको कन्टिन्जेन्सी रकमबाट खर्च गर्ने परिपाटी विद्यमान रहेको हुँदा आर्थिक संकेत वर्गीकरण अनुसार हुनुपर्ने खर्चको यथार्थ तथ्याङ्क प्राप्त हुन सकेको छैन। प्रदेश सरकारको आय व्ययको विवरणमा प्राप्त तथ्याङ्क अनुसार चालु र पूजीगत तर्फ खर्च शीर्षकगत रुपमा भएको खर्चको तुलनात्मक विश्लेषण देहाय अनुसार प्रस्तुत गरिएको छ।

**तालिका ३.३ चालु खर्चको शीर्षकगत विश्लेषण (स्थानीय तह अनुदान समेत)** **रु.हजारमा**

| क्र.सं. | खर्च शीर्षक | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | तलव भत्ता तथा पारिश्रमिक | १९७९००३ | २२११८९० | १२% |
| २ | कार्यालय सञ्चालन र मसलन्द | ५६८०१६ | ६७६७१६ | १९% |
| ३ | सेवा परामर्श तथा करार सेवा शुल्क | ४८७४०० | ६४३८६८ | ३२% |
| ४ | तालिम तथा गोष्ठी खर्च | २४९८१४ | २३२१४३ | -७% |
| ५ | कार्यक्रम खर्च | १९१६०२८ | १९६३५५७ | २% |
| ६ | अनुगमन तथा मूल्याङ्कन खर्च | ९९९२६ | १०५४०४ | ५% |
| ७ | भ्रमण खर्च | ३९६१८ | ३४२०४ | -१४% |
| ८ | विविध खर्च | ८८८४५ | ९८०५० | १०% |
| १० | व्यक्ति/संस्थालाई चालु र पूँजीगत अनुदान/सहायता | १२६७७९७ | ६९४३९१ | -४५% |
| ११ | वित्तीय हस्तान्तरण र अनुदान | ३७७२४७० | ३५४६९२२ | -६% |
| १२ | सरकारी निकाय समिति र वोर्डलाई अनुदान | ४६२२२८ | ५०७५२३ | १०% |
| १३ | सामाजिक सुरक्षा र अन्य सामाजिक सहायता | १००४६ | १५४१४९ | १४३४% |
| १४ | छात्रवृत्ति | २३१०० | २४१६० | ५% |
| १५ | राहत, उद्दार, औषिधि खरिद खर्च | ८८५०२ | ११३८७६ | २९% |
| १७ | घर भाडा, जग्गा र अन्य भाडा | ६३०७४ | ६६४७७ | ५% |
| १८ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ७९५२७ | ७५०७१ | -६% |
| १९ | राजस्व तथा संघ अनुदान फिर्ता | १९३१८२० | १४९६८३१ | -२३% |
| **जम्मा चालु खर्च** | | **१३१२७२१५** | **१२६४५२३२** | **-४%** |

स्रोत:प्रदेश लेखा नियन्त्रक कार्यालय

तालिका नं. ३.३ मा चालु खर्च तर्फको शीर्षकगत खर्च देखाइएको छ। कर्मचारी तलब वृद्धि भएकोले अघिल्लो वर्षको तुलनामा तलब भत्ता शीर्षकमा केही बढी खर्च भएको देखिन्छ। कार्यालय सञ्चालन, सेवा परामर्श तथा करार सेवा शुल्क, विविध खर्च लगायत प्रशासनिक खर्चमा वृद्धि भएको देखिन्छ। कार्यक्रम खर्च शीर्षक, मर्मत सम्भार, प्रशासनिक कार्यमा विगत वर्षमा भन्दा केहि कम रकम खर्च भएको देखिन्छ। विभिन्न सरकारी निकाय तथा संस्थालाई अनुदान, छात्रवृत्ति, राहत उद्दार लगायतको खर्चमा वृद्धि भएको छ। विपन्न नागरिकलाई कडा रोगको उपचार खर्च लगायतमा दिइने सामाजिक सहायता एवम् सामाजिक सुरक्षाको खर्चमा उल्लेखनिय वृद्धि भएको देखिन्छ।

**तालिका ३.४ पूँजिगत खर्च तर्फको शीर्षकगत विश्लेषण**

(रकम रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | भवन निर्माण तथा मर्मत | १६७९७६३ | १७१९७१५ | २% |
| २ | सवारी साधन | २१७५२१ | ५६७६३ | -७४% |

| | | | | |
|---|---|---|---|---|
| ३ | मेशिनरी औजार, फर्निचर र कम्प्युटर सफ्टवेयर | ५९२०३१ | ४२३५७९ | -२८% |
| ४ | पूँजीगत परामर्श खर्च | ४९१३३ | ५९१६५ | २०% |
| ५ | सडक, पुल, सिँचाइ, खानेपानी तथा अन्य संरचना निर्माण | १३९५७९१३ | १५४०५२४८ | १०% |
| ६ | वन तथा वातावरण संरक्षण | ३३१६३५ | ४४८०७९ | ३५% |
| ७ | पशुधन तथा बागवानी विकास खर्च | ११०७६ | ० | - |
| ८ | जग्गा प्राप्ति खर्च | १३९ | ० | - |
| **जम्मा** | | **१६८३९२२१** | **१८११२५४९** | ८% |

स्रोत:प्रदेश लेखा नियन्त्रक कार्यालय

तालिका नं. ३.४ मा पूँजीगत खर्चतर्फको शीर्षकगत खर्चलाई अघिल्लो आर्थिक वर्षको खर्चगत शीर्षक संग तुलनात्मक रुपमा देखाइएको छ। आर्थिक वर्ष २०७८/७९ को भन्दा आर्थिक वर्ष २०७९/८० पूँजीगत खर्चमा ८ प्रतिशतले वृद्धि भएको छ। विगत वर्षको तुलनामा सवारी साधन खरिद, मेशिनरी औजार र फर्निचर फिक्चर्समा यस वर्ष खर्च प्रतिशत कम भएको छ। सडक पुल, सिँचाइ, खानेपानी तथा अन्य संरचना निर्माणमा बजेट खर्च विगत वर्षमा भन्दा खर्च वृद्धि भएको छ। अनुसन्धान तथा विकास एवम् पूँजीगत परामर्शमा अघिल्लो वर्ष भन्दा यस आ.व.मा बढि रकम खर्च भएको देखिन्छ।

### ३.३ खर्चको स्रोतगत विश्लेषण

आर्थिक वर्ष २०७९/८० मा कुल खर्चको ४६.४ प्रतिशत रकम संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान स्रोतबाट खर्च व्यहोरिएको छ भने राजस्व अर्थात् प्रदेश सरकारको स्रोतबाट ५३.६ प्रतिशत खर्च व्यहोरिएको छ ।

**तालिका ३.५ आर्थिक वर्ष २०७९/८० को स्रोतगत खर्चको विवरण** (रू.हजारमा)

| **स्रोत** | **कुल विनियोजन** | | **कुल खर्च** | | **विनियोजनको तुलनामा खर्च प्रतिशत** |
|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| **प्रदेश सरकार** | २०३८१४३१ | ५१.०५ | १६४७९४१२ | ५३.५८ | ८०.८६ |
| **संघ अनुदान** | १९२८९३१२ | ४८.३१ | १४२४०५४८ | ४६.३० | ७३.८३ |
| **वैदेशिक अनुदान** | २५६८०० | ०.६४ | ३७८२१ | ०.१२ | १४.७३ |
| **जम्मा** | **३९९२७५४३** | **१००.०** | ३०७५७७८१ | १००.०० | ७७.०३ |

(स्रोत- प्रदेश लेखा नियन्त्रक कार्यालय)

तालिका नं. ३.५ को स्रोतगत खर्चको तथ्याङ्क विश्लेषण गर्दा प्रदेश सरकार स्रोतमा विनियोजनको ८०.८६ प्रतिशत खर्च भएको छ भने संघीय अनुदान तर्फ ७३.८३ प्रतिशत खर्च भएको छ। संघ अनुदानको खर्चमध्ये वित्तीय समानीकरण अनुदान स्रोतबाट रु.७ अर्ब ८९ करोड ७३ लाख ९४ हजार (५५.४%) रहेको छ।

**तालिका ३.६ सशर्त, समपूरक र विशेष अनुदानको स्रोतको खर्च स्थिति** (रकम रु. हजारमा)

| सि.नं. | शीर्षक | प्राप्ति | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | सशर्त अनुदान | ६५०८८२७ | ५४९२२०८ | ८४.३८ |
| २. | समपूरक अनुदान | ९२०००० | ५५६०७७ | ६०.४४ |
| ३. | विशेष अनुदान | ४७५००० | ३३२६९० | ७०.०४ |
| जम्मा | | ७९०३८२७ | ६३८०९७५ | ८०.७३ |

तालिका नं. ३.६ को संघबाट प्रदेशलाई अनुदान प्राप्त हुँदा शर्त तोकिएर कार्यक्रममा विनियोजन भई आउने सशर्त, समपूरक र विशेष अनुदान रु.७ अर्ब ९० करोड ३८ लाख २७ हजार प्राप्त भएकोमा रु.६ अर्ब ३८ करोड ९ लाख ७५ हजार (अर्थात् ८०.७३%) खर्च भएको छ। सशर्त, समपूरक र विशेष अनुदानको रकम जुन आयोजना तथा कार्यक्रममा प्राप्त भएको हो, सोही आयोजना तथा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने हुन्छ र यस्तो अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा फर्ता दाखिल गर्नुपर्ने हुन्छ। आ.व.२०७९/८० मा खर्च नभएको रु.१ अर्ब ५२ करोड २८ लाख ५२ हजार रकम चालु आ.व.मा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने प्रारम्भिक विवरणबाट देखिन्छ।

प्रदेशको आवश्यकता र प्राथमिकता अनुसार बजेट प्राप्त नहुने लगायतका विविध कारणले गर्दा संघ अनुदान तर्फको कतिपय रकम खर्च गर्न नसकी फिर्ता गर्नुपर्ने अवस्था समेत रहन गएको हो। प्रदेशमा सञ्चालित आयोजनाको सिर्जित दायित्व भुक्तानी दिन स्रोत अपुग हुने तर संघ अनुदान तर्फको रकम खर्च नभई फिर्ता गर्नुपर्ने अवस्था रहेको हुँदा प्रदेशले कार्यक्रम संशोधन वा स्रोतान्तर गरी खर्च गर्न सक्ने व्यवस्था भएमा स्रोत व्यवस्थापनमा पनि सहज हुने र प्रगतिमा पनि सुधार हुने देखिन्छ।

## ३.४ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति

निकायगत रुपमा तोकिएको सेवा र कार्यका लागि आर्थिक वर्ष २०७९/८० को लागि स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनमा भएको विषयगत मन्त्रालय/ निकायहरुको खर्चको विवरण देहायअनुसार रहेको छ।

**तालिका ३.७ मन्त्रालय/निकायको कुल विनियोजन बजेट र खर्चको विवरण (रू.हजारमा)**

| सि.नं. | मन्त्रालय/निकाय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका सचिवालय | २४८८३५ | १६९८७६ | ६८% |
| २. | प्रदेश लोकसेवा आयोग | ९२१०० | ७७०९८ | ८४% |
| ३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १९५६० | १५९१० | ८१% |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६८९३२६ | २५६३७७ | ३७% |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १६८९३६६ | १६०२२२४ | ९५% |
| ६. | उद्योग, श्रम तथा रोजगार मन्त्रालय | ४६०२३२ | २७८९८६ | ६१% |
| ७. | कृषि मन्त्रालय | १९९५१४३ | १६३११७६ | ८२% |
| ८. | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ६३१८६०७ | ५५४२१४६ | ८८% |
| ९. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६७४७३० | ५१०७०७ | ७६% |

| | | | | |
|---|---|---|---|---|
| १०. | पर्यटन तथा संस्कृति मन्त्रालय | १०७७८६२ | ८६६१८२ | ८०% |
| ११. | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | १८६५३२६ | १४४२१७० | ७७% |
| १२. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २२३२९३ | ६८२८८ | ३१% |
| १३. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १४७५२७७० | १०७४९६२८ | ७३% |
| १४. | सामाजिक विकास मन्त्रालय | १६४२६५४ | १३२९३४७ | ८१% |
| १५. | यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय | ३०३३३९ | २०८६५८ | ६९% |
| १६. | स्वास्थ्य मन्त्रालय | ३६४०२९४ | २४३८८८९ | ६७% |
| १७. | प्रदेश योजना आयोग | ५०६८८ | २३१९६ | ४६% |
| १८. | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | २०००० | ० | ० |
| १९. | अर्थ विविध | १७३१८ | ० | ० |
| २०. | स्थानीय तह | ४१४६१०० | ३५४६९२२ | ८६% |
| **जम्मा** | | **३९,९२,७५,४३** | **३०,७५,७७,८१** | **७७.०३%** |

(स्रोत:- प्रदेश लेखा नियन्त्रक कार्यालय प्रारम्भिक)

माथि उल्लेखित तथ्याङ्कलाई विश्लेषण गर्दा पूँजीगत खर्च बढी गर्ने पूर्वाधारसँग सम्बन्धित मन्त्रालयको खर्चमा केही कमी रहेको देखिन्छ। बजेटको ठूलो हिस्सा ओगट्ने भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको खर्च ७३ प्रतिशत रहेको छ। खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, पर्यटन तथा संस्कृति मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, प्रदेश लोक सेवा आयोग, र सामाजिक विकास मन्त्रालय लगायत अन्य निकायहरुको प्रगति तुलनात्मक रूपमा सन्तोषजनक रहेको छ। (नोटः आ.व.२०७९/८० को बजेट तर्जुमा गर्दा साविकमा रहेका मन्त्रालयको विनियोजन अनुसार नै प्रगति विवरण तयार गरिएको छ।)

## ३.५ पाँच आर्थिक वर्षको बजेट विनियोजन र खर्चको विवरण

कोशी प्रदेशको विगत पाँच आर्थिक वर्षको बजेटमा चालु, पूँजिगत र वित्तीय व्यवस्था तर्फ भएको विनियोजन र वास्तविक खर्चको विवरण तालिका ३.८ मा देखाईएको छ ।

**तालिका ३.८ विगत पाँच आर्थिक वर्षको बजेट विनियोजन र खर्चको विवरण**

(रू.हजारमा)

| शिर्षक/आर्थिक वर्ष | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० |
|---|---|---|---|---|---|
| **बजेट विनियोजन** | | | | | |
| **चालु** | १६६७२६५६ | १७८८९२५६ | १७६०६८१९ | १५९६८९७८ | १६२८४३८१ |
| **पूँजीगत** | २१८१९८८३ | २५७४८०६६ | २५७६१७३१ | १८७६१८७५ | २३६४३१६२ |
| **वित्तीय व्यवस्था** | ० | ८०००० | ४०००० | ३०००० | ० |
| **जम्मा** | **३८४९२५३९** | **४३७१७३२२** | **४३४०८५५०** | **३४७६०८५३** | **३९९२७५४३** |

| खर्च | | | | | |
|---|---|---|---|---|---|
| चालु | ९७६४२५४ | ११९६६६४८ | १२०८५२१२ | १३१२७२१५ | १२६४५२३३ |
| पूँजीगत | ११४३८६७६ | १७८६६५९६ | १५८६६०४९ | १६८३९२२१ | १८११२५४९ |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० |
| जम्मा | २१२०२९३० | २९८३३२४४ | २७९५१२६१ | २९९६६४३६ | ३०७५७७८२ |
| विनियोजनको तुलनामा खर्च प्रतिशत | | | | | |
| चालु | ५८.५६ | ६६.८९ | ६८.६४ | ८२.२० | ७७.६५ |
| पूँजीगत | ५२.४२ | ६९.३९ | ६१.५९ | ८९.७५ | ७६.६१ |
| जम्मा | ५५.०८ | ६८.२४ | ६४.३९ | ८६.२० | ७७.०३ |

नोटः चालु खर्च अन्तरगत स्थानीय तह अनुदान समेत समावेश गरिएको छ।　　(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

प्रदेश सरकार स्थापना भएदेखि आ.व.२०७९/८० सम्म जम्मा ६ वटा बजेट कार्यान्वयन भईसकेका छन्। आ.व.२०७४/७५ को बजेट माघ महिनादेखि बाँकी अवधिको लागि रहेको थियो। त्यसबाहेक पाँच आर्थिक वर्षको पूर्ण बजेट कार्यान्वयन भईसकेका छन्। विगत पाँच वर्षको कुल विनियोजन र खर्चको अवस्था विश्लेषण गर्दा चालु खर्चमा ठूलो हिस्सा देखिन्छ। अनिवार्य दायित्व र प्रशासनिक खर्च, स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिने रकमको लेखाङ्कन चालु खर्च शीर्षकहरूमा रहनु र कार्यक्रम खर्च, कृषि अनुदान, सरकारी निकायहरुलाई सञ्चालन अनुदान समेत चालु खर्चमा रहने हुँदा यसमा ठूलो हिस्सा विकास बजेट नै समावेश हुन्छ। विगत आर्थिक वर्षहरुको तुलनामा आर्थिक वर्ष २०७९।८० को समष्टिगत खर्च प्रतिशतको प्रगति गत आ.व.मा भन्दा केही कम भएपनि प्रगतिको प्रतिशत राम्रो नै मान्नु पर्ने देखिन्छ ।

३.६　सरकारी वित्तीय तथ्याङ्क प्रतिवेदन प्रणालीका आधारमा सार्वजनिक खर्चको लेखाङ्कन गर्दा कुल बजेटमा पुजिगत खर्चको अंश उच्च देखिएको छ। प्रदेश र स्थानीय तहमा वित्त हस्तान्तरण भएका वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक जस्ता अनुदानलाई चालु खर्चमा गणना गरिएको कारणले चालु खर्चमा वृद्धि देखिएको हो। वित्तीय हस्तान्तरणको रूपमा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइएको अनुदानको उल्लेखनीय हिस्सा प्रदेश र स्थानीय तहमा पूर्वाधार निर्माण जस्ता पूँजीगत प्रकृतिका कार्यमा खर्च हुने गर्दछ। कृषि उत्पादन बढाउन प्रदान गरिने अनुदान र शिक्षा, स्वास्थ्य लगायतका क्षेत्र अन्तर्गतका अधिकांश कार्यक्रमहरू मानव पूँजी र सामाजिक पूँजी निर्माण गर्ने प्रकृतिका भएतापनि चालुतर्फ लेखाङ्कन गर्ने विश्वव्यापी मान्यताका कारण यो स्थिति देखिएको हो।चालु खर्च तर्फ विनियोजित तर विकास वा पूँजी निर्माणमा खर्च हुने बजेटलाई छुट्याएर मात्र साधारण खर्चको अवस्था विश्लेषण गर्नु पर्ने देखिन्छ।संघ अनुदान बचत भई ठूलो मात्रामा रकम फिर्ता हुने भएकोले संघ सशर्त अनुदान तर्फको आयोजना/कार्यक्रमको खर्चमा वृद्धि गर्नुपर्ने देखिन्छ। सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोत परिचालन तथा शोधभर्नाका लागि कागजात पठाउने तर्फ सम्बन्धित निकायको सक्रियता हुन आवश्यक रहेको छ।

# परिच्छेद चार
## स्थानीय तहमा वित्तीय हस्तान्तरण

### ४.१ पृष्ठभूमि
नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ एवम् प्रदेश आर्थिक ऐन तथा विनियोजन ऐन बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई अनुदान हस्तान्तरण तथा सवारी साधन कर बाँडफाँट गर्दै आएको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण र सशर्त अनुदान उपलब्ध गराएको छ। प्रदेश समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम स्थानीय तहलाई अनुदान उपलब्ध गराइएको छ।

### ४.२ स्थानीय तहमा वित्तीय हस्तान्तरण
नेपालमा वित्तीय संघीयता शुरुवात भएपछि कोशी प्रदेश सरकारबाट स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार रहेको छः

**तालिका ४.१ स्थानीय तहमा वित्तीय हस्तान्तरण** (रू.हजारमा)

| आर्थिक वर्ष | समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७४/७५ को बाँकी अवधि | - | १९७१७२ | - | - | १९७१७२ |
| २०७५/७६ | ४९९९९९ | ३१५३०८७ | - | - | ३६५३०८६ |
| २०७६/७७ | ९९९९९७ | २९७१३८१ | १४११५८७ | ४४१७०९ | ५८२४६७४ |
| २०७७/७८ | १०००००० | ५६२३८७ | १३०८४११ | ० | २८७०७९८ |
| २०७८/७९ | १०००००० | १६४४९७४ | १२६०८४४ | ० | ३९०५८१८ |
| २०७९/८० | ८७५४७२ | १५७६३२७ | १०९५१२३ | ० | ३५४६९२२ |

### वित्तीय समानीकरण अनुदान
स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था अनुरूप आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशका १३७ वटा स्थानीय तहलाई जम्मा रू.१ अर्ब वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नेगरी विनियोजन भएकोमा संघीय राजस्व र अनुदान लक्ष्य अनुसार संकलन/प्राप्ति नभएको हुँदा प्रदेश सरकार (म.प.) को निर्णयानुसार स्थानीय तहलाई दिने समानीकरण अनुदानको अन्तिम किस्ताको ५० प्रतिशत कटौती गरी रु.८७ करोड ५४ लाख ७२ हजार अनुदान हस्तान्तरण भएको छ।

### सशर्त अनुदान
स्थानीय तहबाट कार्यान्वयन गरिने कुनै योजना कार्यान्वयन गर्न प्रदेश सरकारले सशर्त अनुदान हस्तान्तरण गर्ने गरेको छ। यसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सशर्त अनुदानका आधारहरू सिफारिस गर्ने

गरेको छ। यो अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन सम्बन्धमा शर्त तोक्न सक्ने र स्थानीय तहले त्यस्तो शर्त पालना गर्नुपर्ने व्यवस्था छ। प्रदेशका विषयगत मन्त्रालयहरुबाट प्रस्ताव/छनौट भएका आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्न आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहलाई जम्मा रू १ अर्व ७८ करोड ६१ लाख सशर्त अनुदान विनियोजन भएकोमा रू.१ अर्ब ५७ करोड ६३ लाख २७ हजार निकासा/हस्तान्तरण भएको छ।

### समपुरक अनुदान

प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपुरक अनुदान प्रदान गर्ने व्यवस्था छ। यो अनुदान प्रदान गर्दा योजनाको संभाव्यता, योजनाको लागत, योजनाको प्रतिफल/लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय/भौतिक क्षमता वा जनशक्तिलाई आधार लिने गरिएको छ। प्रदेश समपुरक अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम आर्थिक वर्ष २०७९/८० मा १३७ स्थानीयलाई कुल रू.१ अर्ब ३६ करोड विनियोजन गरिएको थियो। सो मध्ये रु.१ अर्ब ९ करोड ५१ लाख २३ हजार हस्तान्तरण/निकासा भएको छ।

### राजस्व बाडँफाँट

प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ अनुसार सवारी साधन कर प्रदेशले संकलन गरी प्रदेश सञ्चित कोषमा ६० प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत बाँडफाँट हुन्छ। स्थानीय तहलाई छुट्याउने ४० प्रतिशत मध्ये राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको हिस्सा अनुसार स्थानिय तहले सवारी साधन कर वापतको राजस्व प्राप्त गर्दछन्।

आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेश सरकारले सवारी साधनको कर बापत जम्मा रकम रू.२ अर्ब १० करोड ४ लाख ४८ हजार कर संकलन गरेको छ। सो मध्ये स्थानीय तहले प्राप्त गर्ने रु.८३ करोड ८७ लाख १९ हजार रकम मासिक रूपमा बाँडफाँड गरी स्थानीय सञ्चित कोषमा दाखिला गरिएको छ। २०८० असार २१ देखि असार मसान्तसम्म सङ्कलित सवारी साधन कर वापतको बाँकी राजस्व रकम आ.व.२०८०/८१ मा बाँडफाड एवम् हस्तान्तरण हुने छ ।

### अन्तर-सरकारी वित्त व्यवस्थापनमा देखिएका समस्याहरुः

प्रदेश विनियोजन ऐन तथा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि बमोजिम स्थानीय तहलाई समानीकरण, सशर्त र समपूरक अनुदानको रकम निकासा गर्न अघिल्लो आ.व वा चौमासिक खर्चको विवरण स्थानीय तहले पेश गर्नुपर्ने हुन्छ। कतिपय स्थानीय तहबाट समयमै प्रतिवेदन प्राप्त नहुँदा अनुदान हस्तान्तरणमा असहजता सृजना भएको छ।

सवारी साधन कर संकलनको लागि अनलाईन प्रणाली नहुँदा सेवाग्राहीहरुले सहजै कर तिर्न सकेका छैनन्। त्यस्तै प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने सवारी साधन कर सोझै प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा दाखिला हुने बैङ्किङ प्रणालीमा व्यवस्था गर्न सकिएको छैन।

# परिच्छेद पाँच

# विषयगत मन्त्रालय र निकायहरुको प्रगतिको अवस्था

आर्थिक वर्ष २०७९/८० मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार विभिन्न विषयगत मन्त्रालय/निकायहरूबाट सम्पादित कार्यहरूको मुख्य मुख्य प्रगति विवरणहरू देहाय अनुसार रहेको छ।

## ५.१ प्रदेश सभा सचिवालय

आ.व. २०७९/८० मा गरिएका मुख्य मुख्य कार्यहरुको विवरणः-

- कानून निर्माण र कार्यान्वयन सम्बन्धी स्थानीय तहसँगको अन्तरक्रिया कार्यक्रम १४ नगरपालिका र १८ गाउँपालिकामा गरी जम्मा ३२ वटा कार्यक्रम सम्पन्न गरिएको ।
- कर्मचारीहरु, सुरक्षाकर्मीहरु र प्रदेश सभाका माननीय सदस्यहरुको लागि समेत क्षमता विकास सम्बन्धी विभिन्न तालिम, अन्तर प्रदेश अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको।
- ब्यारेक भवन निर्माण कार्य शुरु
- मिडिया सेन्टर भवन निर्माण कार्य शुरु
- भवन मर्मत सुधार कार्य
- स्थानीय तह र प्रदेश सभा सचिवालयका बीच अन्तरक्रिया कार्यक्रम
- मिडिया सेन्टर क्षमता अभिवृद्धि तथा पत्रकारसँग अन्तरक्रिया कार्यक्रम
- कानून निर्माण
    - प्रदेश निजामती सेवाको गठन, संचालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०७९
    - केही प्रदेश ऐनलाई संशोधन गर्न जारी भएको अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०७९
    - प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको विधेयक, २०७९
- नागरिकहरुले कोशी प्रदेश सभाको गतिविधि सम्बन्धी सूचना सडकबाट नै देखिने गरी डिजिटल डिस्प्ले बोर्ड राखिएको।
- प्रदेश सभा र सचिवालयको ५ बर्षको गतिविधि समेटिएको प्रदेश सभाको पहिलो पाँच बर्ष नामक पुस्तक प्रकाशन गरिएको।

## ५.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

- क्याबिनेट प्रस्ताव लेखन तालिम ।
- प्रशासन सुधार सुझाव समिति गठन ।
- प्रदेश निजामती किताबखानाको स्थापना तथा सञ्चालन ।
- हेलो प्रदेश सरकार कार्यक्रम ।
- प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन ।
- संघ, प्रदेश र स्थानीय तहको ऐन कानूनहरूको तुलनात्मक अध्ययन कार्यक्रम ।

- प्रदेश सरकारको नीति तथा रणनीति सम्बन्धमा गोष्ठी ।
- जनतासँग मुख्यमन्त्री रेडियो तथा टेलिभिजन कार्यक्रम ।
- कानून निर्माण तथा अन्तरक्रिया कार्यक्रम (प्रदेश निजामती ऐन) ।

## ५.३ आर्थिक मामिला तथा योजना मन्त्रालय

आ.व. २०७९/८० मा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरुः

- कोशी प्रदेश आर्थिक अध्यादेश, २०८० र कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० तयार
- वार्षिक बजेट आ.व. २०८०/८१ तर्जुमा
- आ.व. २०७९/८० को बजेटको अर्धवार्षिक समिक्षा प्रतिवेदन प्रकाशन
- कोशी प्रदेशको आ.व. २०७९/८० को प्रादेशिक आर्थिक सर्वेक्षण प्रकाशन
- संघबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण प्राप्ति सम्बन्धी कार्य
- अन्तरसरकारी वित्त हस्तान्तरण (स्थानीय तहलाई सशर्त र समपुरक अनुदान बाट सञ्चालन हुने आयोजना स्वीकृति र रकम विनियोजन )
- राजस्व परामर्श समिति गठन र प्रतिवेदन
- राजस्व संकलन तथा खर्च सम्बन्धी नियमित अनुगमन, विश्लेषण
- PLMBIS सम्बन्धी अभिमुखीकरण तालिम
- MTEF तयारीमा आवश्यक समन्वय गरिएको।

| बजेट बुदाँ नं. | आ.व ०७९/८० को बजेट वक्तव्यको व्यहोरा | आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्पादित कार्यहरु |
|---|---|---|
| १९४ | सुशासनयुक्त कार्यालय, भ्रष्टाचारमुक्त प्रदेश निर्माण गर्ने गरी वित्तीय अनुशासन प्रवर्द्धनमा जोड दिइनेछ।प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गरी लागु गरिनेछ। | डिजिटल नागरिक वडापत्रको तयारी गरी Website मार्फत सार्वजनिक गरी कार्यान्वयन गरिएको। |
| | | सूचनाको माग गर्नेलाई समयमा नै सूचना प्रदान गर्ने गरिएको तथा नियमित प्रकाशन गर्नुपर्ने सूचनाको हकसम्वन्धि प्रतिवेदन सार्वजनिक गर्ने गरिएको। |
| | | नेपाल टेलिभिजनसँगको सहकार्यमा आर्थिक वहस कार्यक्रम सञ्चालन गरिएको। |
| | | इ-हाजिरी, अफिस अटोमेसन तथा PAMS को पूर्ण प्रयोग गरिएको। |
| | | त्रैमासिक लेखा परिक्षण प्रतिवेदन |
| | | प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गरी कार्यान्वयनमा रहेको। |
| १९५ | वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी उत्कृष्ट कार्यसम्पादन भएका कार्यालय र कर्मचारीलाई | मूल्याङ्कन प्रतिवेदन तयार भएको। |

| | | |
|---|---|---|
| | पुरस्कृत गरिने छ। | |
| १९६ | प्रदेश सरकारका कामकारवाहीहरुलाई पारदर्शी एवम उत्तरदायी बनाउन आवधिक रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ। वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली र सार्वजनिक खर्चको मापदण्डलाई थप परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ। | आन्तरिक नियन्त्रण प्रणाली २०७७ का व्यवस्थाहरुको कार्यान्वयन।<br>कार्यालयमा मासिक रुपमा नियमित कर्मचारी बैठक हुने गरेको ।<br>मन्त्रालयमा सार्वजनिक खर्चको मापदण्ड निर्देशिकाको पालना गरिएको। |
| २१७ | प्रदेश सरकारको राजस्व परिचालनलाई प्रभावकारी बनाउदै सम्भावित चुहावट नियन्त्रणको लागि प्रविधिमा आधारित समन्वयात्मक संयन्त्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ । चालु वर्षको राजस्व परामर्श समितिको प्रतिवेदन लगायत स्थलगत अध्ययन एवम् सरोकारवालाहरू सँगको छलफलबाट प्राप्त निश्कर्षलाई क्रमशः कार्यान्वयन गरिनेछ । | विद्यमान कानूनी व्यवस्था बाहेक थप कानूनी व्यवस्था हालसम्म हुन नसकेको। |
| २१८ | प्रदेशको सार्वजनिक वनक्षेत्र, प्राकृतिक रुपमा सौन्दर्य स्थान तथा सार्वजनिक र सरकारी जग्गामा गरी प्रदेश सरकारले होर्डिङ्गबोर्ड र विज्ञापन जन्य सामाग्रीहरु तयार गरी प्रतिस्पर्धात्मक ढंगले उपयोग गर्ने व्यवस्था मिलाई प्रदेश सरकारको आम्दानी अभिबृद्धि गरिनेछ। | नमुना कानून तर्जुमा गर्न नसकेको। |
| २१९ | राजस्व सङ्कलनलाई थप पारदर्शी तथा प्रभावकारी बनाउन राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति तथा कानून तर्जुमा गरी राजस्व संकलनमा सूचना प्रविधिको प्रयोग बढाइनेछ। करदाताले विद्युतीय माध्यमबाट कर तिर्न सक्ने व्यवस्थालाई अझ प्रभावकारी बनाइनेछ। | कार्यविधीको प्रारम्भिक मस्यौदा तर्जुमा भएको। |
| २२० | विगत आर्थिक वर्षहरुको संकलित मनोरञ्जन कर एकमुष्ठ २०७९ साल फागुन मसान्तसम्ममा बुझाएमा सो मा लाग्ने ब्याज छुट दिने व्यवस्था। | विभिन्न रेडियो मार्फत जिङ्गलको प्रसारण गरिएको। |
| २०७ | प्रदेशमा वित्तीय साक्षरता अभिवृद्धिका लागि वित्तीय संस्थाहरूसँगको समन्वय र सहकार्यमा | १ वटा पूँजीबजार, बीमा र वित्तीय साक्षरता सम्वन्धि सचेतना सम्वन्धि कार्यक्रम सञ्चालन गरिएको। |

| | | |
|---|---|---|
| | साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ। | |
| २०२ | सहभागितामूलक योजना तर्जुमालाई फागुन महिना देखिनै सुरु गरिनेछ। चालु वर्षमा सञ्चालन भएका आयोजना, कार्यक्रमको समीक्षा एवम् विश्लेषण गर्दै सबै जिल्ला तथा निर्वाचन क्षेत्र स्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गरिनेछ। | प्रदेश नामाकरण पश्चातको अवश्थाको कारण जिल्लामा गएर योजना तर्जुमा कार्यक्रम सञ्चालन गर्न नसकिएको। |
| २०३ | योजना तर्जुमा गोष्ठीबाट प्रस्ताव/छनौट भएका आयोजनालाई सम्बन्धित कार्यालयबाट तत्कालै पूर्वसम्भाव्यता अध्ययन गराई सम्भाव्य देखिएका आयोजनालाई विस्तृत अध्ययन पश्चात् परियोजना बैंकमा समावेश गरी आगामी वर्षको बजेटमा समावेश गर्दै कार्यान्वयमा लैजाने नीति लिइनेछ। विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धि मापदण्डको आधारमा प्रदेशस्तरीय आयोजना सञ्चालनमा जोड दिइनेछ। | परियोजना बैंक सञ्चालनका लागि आवश्यक कानूनी व्यवस्थापनका लागि प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० र प्रदेश स्तरीय आयोजना छनौट तथा बर्गीकरण सम्वन्धि कार्यविधी, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको। |
| २०० | बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा गरी माथिल्लो पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गरी नियमित रुपमा प्रगति मूल्याङ्कन गर्ने परिपाटीलाई थप प्रभावकारी बनाइनेछ। | कार्यसम्पादन करार सम्पन्न गरिएको। |
| २०८ | वैदेशिक सहायता परिचालनमा थप प्रभावकारिता ल्याउन संस्थागत सुदृढीकरण गर्दै हालै जारी भएको कार्यविधिलाई प्रभावकारी रुपमा लागु गरिने छ । | विकास सहायता परिचालन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्रम तथा प्रगति प्रतिवेदन प्रविष्ट गर्न प्रदेश सहयोग कार्यक्रमको सहयोगमा पोर्टल निर्माण गरिएको। |
| | | कार्यविधि अनुसार समितिको बैठक १ पटक बसी १ वटा आयोजना (Investment and Innovation for Economic Development (UDAYA) Phase1) लाई अन्तर्राष्ट्रिय सहायता प्रासिका लागि थप प्रक्रिया अगाडी बढाइएको। |
| २२६ | बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आर्थिक वर्ष शुरु हुनु अगावै कार्यान्वयन कार्य योजना सबै मन्त्रालय तथा निकायहरुबाट २०७९ असार मसान्त भित्रै स्वीकृत गरी | बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत भई कार्यान्वयन भएको। |

| | | |
|---|---|---|
| | कार्यान्वयनमा ल्याइनेछ। | |
| २२९ | आर्थिक मामिला तथा योजना मन्त्रालयले आवधिक रुपमा बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्नेछ । | वार्षिक र अर्धवार्षिक मूल्याङ्कन/प्रगति प्रतिवेदन तयार गरी वेभसाइड मार्फत सार्वजनिक गरिएको। |
| | | बजेट कार्यान्वयनको समीक्षा आवधिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हुने गरेको। |
| २२७ | सबै मन्त्रालयहरुले बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड संशोधन गर्नुपर्ने भए आगामी आर्थिक बर्षको श्रावण मसान्त भित्र र नयाँ तर्जुमा गर्नुपर्ने भए पहिलो त्रैमासिक भित्र स्वीकृत गरिसक्नु पर्नेछ। | आवश्यक कार्यविधि/निर्देशिका समयमै तर्जुमा गरिएको। |

## ५.४ भौतिक पूर्वाधार विकास मन्त्रालय

आ.व. २०७९/८० मा सम्पादित मुख्य-मुख्य कामहरुको विवरणहरू:

➢ **सडक पूर्वाधार तर्फ**

- सडक मर्मत २०४.११ कि.मी
- सडक ग्राभेल २५९.३८९ कि.मी.
- कच्ची सडक निर्माण १४१.५५ कि.मी.
- ढलान सडक निर्माण ५.७५९ कि.मी
- सोलिङ्ग २२.५०० कि.मी.
- सडक कालोपत्रे २०६.४८२ कि.मी.
- बहुबर्षिय सडक १३ वटा, लम्बाई १७५.२३ कि.मी.
- आर.सी.सी. पक्की पुल १९ वटा
- झोलुङ्गे पुल ५४ वटा
- नयाँ ट्र्याक खोल्ने निर्माण कार्य ९८.५३ कि.मी.

➢ **आवास, भवन तथा सहरी विकास क्षेत्र तर्फ**

- सामुदायिक भवन १३७ वटा
- सरकारी भवन निर्माण १४ वटा

- सभाहल निर्माण ३ वटा
- खेलकुद पूर्वाधार निर्माण ९ वटा
- एकीकृत वस्ती निर्माण ४९९ वटा
- जनता आवास कार्यक्रम ६२४ वटा
- सहरी सडक ढलान ३.६४५ कि.मी.
- सहरी सडक कालोपत्रे ६.१४७ कि.मी.
- पार्क निर्माण ६ वटा
- ढल निर्माण १.७०० कि.मी.
- बसपार्क निर्माण ७ वटा
- भ्यूटावर निर्माण २ वटा
- प्रहरी भवन निर्माण १ वटा
- अन्य पूर्वाधार निर्माण ६५ वटा
- मर्मत सम्भार ४३ वटा

आ.व.२०७९/८० मा भवन तर्फ सम्पन्न मुख्य-मुख्य कार्यहरुको सारांश

| **सि. नं.** | **चालु आ.व. २०७९/८० को बार्षिक प्रगति/उपलब्धी** | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | **निर्माण संरचना** | **इकाई** | **संचालित संख्या** | **सम्पन्न संख्या** | **निर्माणाधीन संख्या** | |
| १ | सामुदायिक भवन निर्माण | वटा | १८५ | १३७ | ३८ | |
| २ | सरकारी भवन निर्माण | वटा | २३ | १४ | ९ | |
| ३ | सभाहल निर्माण | वटा | ६ | ३ | २ | |
| ४ | खेलकुद पूर्वाधार निर्माण | वटा | १० | ९ | १ | |
| ५ | एकीकृत वस्ती विकास | वटा | ९७१ | ४९९ | ४७२ | |
| ६ | जनता आवास कार्यक्रम | वटा | १४२३ | ६२४ | ७९९ | |
| ७ | सहरी सडक (ढलान) | कि.मि | ४.७४५ | ३.६४५ | ० | |

**आ.व.२०७९/८० मा भवन तर्फ सम्पन्न मुख्य-मुख्य कार्यहरुको सारांश**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | सहरी सडक (कालोपत्रे) | कि.मि | ६.१४७ | ६.१४७ | ० | |
| ९ | पार्क निर्माण | वटा | ८ | ६ | २ | |
| १० | ढल निर्माण | कि.मि | १.७ | १.७ | ० | |
| ११ | बसपार्क निर्माण | वटा | १३ | ७ | ६ | |
| १२ | गेट/ भ्युटावर निर्माण | वटा | ४ | २ | २ | |
| १३ | प्रहरी भवन निर्माण | वटा | ३ | १ | २ | |
| १४ | अन्य पूर्वाधार निर्माण | वटा | ८१ | ६५ | १३ | |
| १५ | मर्मत सम्भार | वटा | ६३ | ४३ | २० | |
| १६ | डि.पि.आर. | वटा | ४२ | ३२ | १० | |

**आ.व.२०७९/८० मा संचालित मध्ये पूर्ण रुपमा सम्पन्न भएका/नभएका कार्यक्रमहरुको विवरण (सडक पूर्वाधार तर्फ)**

| सि.नं. | कार्यालयको नाम | वहुवर्षिय सडक निर्माण | | | सालवसाली सडक निर्माण | | |
|---|---|---|---|---|---|---|---|
| | | संचालित जम्मा संख्या | सम्पन्न संख्या | सम्पन्न लम्बाई (कि.मि.) | संचालित जम्मा संख्या | सम्पन्न संख्या | सम्पन्न लम्बाई (कि.मि.) |
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | | | | | | |
| २ | यातायात पूर्वाधार निर्देशनालय, ईटहरी | | | | | | |
| ३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | | | | | | |
| ४ | पूर्वाधार विकास कार्यालय, पाँचथर | ७ | २ | १९.३९२ | ४५ | ४४ | ५८.६१२ |
| ५ | पूर्वाधार विकास कार्यालय, झापा | २२ | ३ | १०१.४२४ | ७२ | ५८ | ३१.५५ |
| ६ | पूर्वाधार विकास कार्यालय, मोरङ्ग | २४ | २ | ९.८ | १३५ | ९५ | ३६ |
| ७ | पूर्वाधार विकास कार्यालय, संखुवासभा | ५ | १ | १६.०१५ | ४० | ३९ | १५ |
| ८ | पूर्वाधार विकास कार्यालय, भोजपुर | ५ | ० | १३ | ५६ | ५४ | |
| ९ | पूर्वाधार विकास कार्यालय, उदयपुर | ७ | ३ | ४८.५ | ७१ | ४० | ७७.५ |
| १० | पूर्वाधार विकास कार्यालय, ओखलढुंगा | ८ | २ | १० | ४४ | ४४ | ४०.८३२ |
| जम्मा | | ७८ | १३ | २१८.१३१ | ४६३ | ३७४ | २५९.४९४ |

**आ.व.२०७९/८० मा संचालित मध्ये पूर्ण रुपमा सम्पन्न भएका/नभएका कार्यक्रमहरुको विवरण (सडक पूर्वाधार तर्फ)**

| सि.नं. | कार्यालयको नाम | मोटरेवल पुल निर्माण | | | झोलुङ्गे पुल | | |
|---|---|---|---|---|---|---|---|
| | | संचालित जम्मा संख्या | सम्पन्न संख्या | सम्पन्न लम्बाई (र.मि.) | संचालित जम्मा संख्या | सम्पन्न संख्या | सम्पन्न म्बाई (र.मि.) |
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | | | | | | |
| २ | यातायात पूर्वाधार निर्देशनालय, ईटहरी | ५ | १ | ७५ | | | |
| ३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | | | | | | |
| ४ | पूर्वाधार विकास कार्यालय, पाँचथर | ४ | १ | ४५.३ | १५ | १५ | १४११ |
| ५ | पूर्वाधार विकास कार्यालय, झापा | ३३ | २ | ४० | ५ | ३ | १४८ |
| ६ | पूर्वाधार विकास कार्यालय, मोरङ्ग | १० | ४ | १२८.८ | ११ | ५ | ३२०.४३ |
| ७ | पूर्वाधार विकास कार्यालय, संखुवासभा | ५ | १ | ३५ | ९ | २ | १२१ |
| ८ | पूर्वाधार विकास कार्यालय, भोजपुर | ११ | ४ | ९५ | १२ | १० | ६५८ |
| ९ | पूर्वाधार विकास कार्यालय, उदयपुर | ८ | ४ | १७० | १९ | १३ | १२२४ |
| १० | पूर्वाधार विकास कार्यालय, ओखलढुंगा | ७ | २ | ६५ | १५ | ६ | ४९१ |
| जम्मा | | ८३ | १९ | ६५४.१ | ८६ | ५४ | ४३७३.४३ |

## आ.व.२०७९/८० मा संचालित मध्ये पूर्ण रुपमा सम्पन्न भएका/नभएका कार्यक्रमहरुको विवरण (सडक पूर्वाधार तर्फ)

| सि.नं. | कार्यालयको नाम | मर्मत योजना | | | डि.पि.आर. | | |
|---|---|---|---|---|---|---|---|
| | | संचालित जम्मा संख्या | सम्पन्न संख्या | सम्पन्न लम्बाई (कि.मि.) | संचालित जम्मा संख्या | सम्पन्न संख्या | सम्पन्न लम्बाई (कि.मि.) |
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | | | | | | |
| २ | यातायात पूर्वाधार निर्देशनालय, ईटहरी | | | | | | |
| ३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | | | | | | |
| ४ | पूर्वाधार विकास कार्यालय, पाँचथर | २१ | २१ | ५.३५ | ४ | ४ | ३०.५४ |
| ५ | पूर्वाधार विकास कार्यालय, झापा | ३० | ३० | १२.४७ | १७ | १० | ८२ |
| ६ | पूर्वाधार विकास कार्यालय, मोरङ्ग | ३६ | ३६ | ८.५ | | | |
| ७ | पूर्वाधार विकास कार्यालय, संखुवासभा | २० | २० | ८ | ३ | ३ | ९३ |
| ८ | पूर्वाधार विकास कार्यालय, भोजपुर | | | | २ | २ | ३८.८ |
| ९ | पूर्वाधार विकास कार्यालय, उदयपुर | ७ | ७ | ७ | ९ | ७ | ५६.१५ |
| १० | पूर्वाधार विकास कार्यालय, ओखलढुंगा | ७ | ७ | २.४ | ६ | ६ | २२.४३५ |
| जम्मा | | १२१ | १२१ | ४३.७२ | ४१ | ३२ | ३२२.९२५ |

## ५.५ आन्तरिक मामिला तथा कानून मन्त्रालय

- मन्त्रालय परिषरमा आवास भवन र विपद् गोदाम घर निर्माणाधिन रहेको।

- मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र, ताप्लेजुङ र सोलुखुम्वुको लागि २ थान दमकल खरिद गरी हस्तान्तरण।
- विपद् खोज उद्धार सामग्री खरिद गरिएको।
- पत्रकार महासंघ भवन निर्माण (संखुवासभा र तेह्रथुम)।
- ई-विल छपाई।
- ब्लु वुक छपाई।
- मन्त्रालय परिसरमा कलात्मक बगैचा निर्माणाधिन रहेको।
- विभिन्न जिल्लाहरुमा प्रहरी चौकी निर्माण प्रदेश प्रहरी कार्यालय मार्फत भएको।
- PEOC को भवन निर्माण गरिएको।
- CCTV जडान कार्य प्रदेश प्रहरी कार्यालय मार्फत गरिएको।
- यातायात व्यवस्था कार्यालय झापा, मोरङ र सुनसरीको ट्रायल सेन्टरमा मन्त्रालयबाट अनुगमन हुने गरी सिसि टिभि जडान गरिएको।
- यातायात व्यवस्था कार्यालय झापा, मोरङ र सुनसरीमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको।
- हामी स्वयमसेवी कार्यक्रम अन्तरगत १४ जिल्लाका सामुदायीक विद्यालयमा स्वयमसेवी समुह गठन गरिएको।

## ५.६ स्वास्थ्य मन्त्रालय

### अस्पताल तर्फ

१. प्रदेश सरकारको निर्णयानुसार चालु आ.व. मा प्रादेशिक अस्पताल भद्रपुरलाई २०० शैयामा र जिल्ला अस्पताल पाँचथर, तेह्रथुम र भोजपुरलाई ५० शैयामा स्तरोन्नति गरिएको।

२. प्रदेश मातहतका १४ वटै अस्पतालहरूको दुई पटक न्युनतम सेवा मापदण्डको (Minimum Service Standards) लेखाजोखा गरी सुधारका लागि कार्ययोजना बनाई लागू गरिएको।

३. साथै स्थानीय तह अन्तर्गतका मादी नगर अस्पताल, कटारी अस्पताल, रँगेली अस्पतालको दुई पटक र दमक अस्पतालको एक पटक न्युनतम सेवा मापदण्डको लेखाजोखा गरिएको।

४. प्रादेशिक अस्पताल भद्रपुर, जिल्ला अस्पताल सुनसरी र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा फिजियोथेरापी सेवा सञ्चालनका लागि आवश्यक औजार उपकरण खरिद तथा जनशक्ति व्यवस्थापन गरी सेवा सञ्चालन गरिएको।

५. जिल्ला अस्पताल खोटाङ तथा मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा CLIA मेसिन खरिद तथा जडान गरी ल्यावबाट थप सेवा शुरू गरिएको।

६. जिल्ला अस्पताल, उदयपुर र धनकुटामा डि.आर एक्सरे मेसिन खरिद तथा जडान गरी सेवा सञ्चालन गरिएको।

७. प्रादेशिक अस्पताल भद्रपुर, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर र इलाम अस्पतालको डीपीआर निर्माणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको प्रदेश सहयोग कार्यक्रम मार्फत कार्य अघि बढाइएको; प्रादेशिक अस्पताल भद्रपुरमा स्थलगत अनुगमन

८. प्रादेशिक अस्पताल भद्रपुरमा बालरोग र मानसिक रोग विशेषज्ञ र जिल्ला अस्पताल उदयपुरमा शल्य चिकित्सक नियुक्ति गरी सेवा सञ्चालन गरिएको

९. प्रादेशिक अस्पताल भद्रपुरमा ९२ जना बिरामीहरुको निःशुल्क हाइड्रोसिलको शल्यक्रिया गरिएको।

१०. प्रादेशिक अस्पताल भद्रपुरमा Plasma Sterilizer मेसिन खरिद गरी जडान भएको

११. लैङ्गिक हिंसा पिडीतहरुलाई एकद्वारबाट सेवा प्रदान गर्न प्रदेश मातहतका सम्पूर्ण अस्पतालहरूबाट (मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर बाहेक) एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन भइरहेको

१२. कडा कुपोषित बालबालिकाहरुलाई संस्थागत सेवा प्रदान गर्न प्रादेशिक अस्ताल भद्रपुर, जिल्ला अस्पताल ओखलढुङ्गा र जिल्ला अस्पताल खोटाङ्गमा पोषण पुनर्स्थापना गृह सञ्चालन निरन्तरता भइरहेको

१३. दुर्गम क्षेत्रमा अस्पतालमा टाढाबाट आउनुपर्ने गर्भवती महिलाहरुको सहजताका लागि जिल्ला अस्पताल सोलुखुम्बु, ताप्लेजुङ, संखुवासभा, इलाम र भोजपुरमा प्रसुति प्रतिक्षा गृह सञ्चालन निरन्तरता भइरहेको

१४. प्रदेश मातहतका सम्पूर्ण अस्पतालहरूबाट आमा सुरक्षा कार्यक्रम ( निःशुल्क प्रसुति सेवा, यातायात खर्च, आमा तथा नवजात शिशुका लागि न्यानो लुगाहरू (न्यानो झोला) वितरण, निःशुल्क गर्भपतन सेवा आदि) सञ्चालन भइरहेको (आ.व. २०७९।८० मा स्वास्थ्य मन्त्रालय मातहतका १४ वटा अस्पतालमा कुल ९४६८ वटा महिलाहरूलाई निःशुल्क प्रसुति सेवा प्रदान गरिएको)

१५. प्रदेश मातहतका सम्पूर्ण अस्पतालहरूबाट विपन्न महिलाहरुमा प्रसुति जटिलता भई प्रेषण गर्नुपरेमा निःशुल्क एम्बुलेन्स सेवा प्रदान भइरहेको

१६. **विशेष अनुदान तर्फ** जिल्ला अस्पताल पाँचथरको आवासीय भवन निर्माण कार्य प्रकृयामा (पहिलो तल्ला ढलान सम्पन्न) जिल्ला अस्पताल ताप्लेजुङ्गको भवन निर्माण कार्य प्रकृयामा (ठेक्का सम्झौता सम्पन्न)जिल्ला अस्पताल धनकुटाको भवन निर्माण कार्य प्रकृयामा (डि.पी.आर सम्पन्न, जग्गा प्रासिका लागि प्रकृयामा)

१७. प्रदेश अन्तर्गतका विभिन्न अस्पतालहरुमा कार्यरत विशेषज्ञ चिकित्सकहरुलाई प्रोत्साहन स्वरुप थप भत्ता प्रदान गर्न मन्त्रिपरिषद्‌बाट "विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९" पारित गरी लागू गरिएको।

१८. जिल्ला अस्पताल उदयपुर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा ल्यापरोस्कोपी मेसिन खरिद भई सेवा शुरू भएको

१९. मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा सि.टी. स्क्यानको लागि भवन निर्माण गरिएको

२०. कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रलाई प्रदेशस्तरीय संक्रामक रोग तथा सघन उपचार केन्द्रमा नामाकरण गरी बहिरङ्ग सेवामार्फत सेवा प्रवाह भइरहेको।

२१. एकीकृत एम्बुलन्स सेवा सञ्चालनका लागि प्रदेशभरीका १७ वटा एम्बुलेन्सहरूमा जी.पि.एस प्रणाली जडान गरिएको

२२. आङ्ग खस्ने समस्या भएका २३५ जना महिलाहरुको निःशुल्क शल्यक्रिया भएको

- जिल्ला अस्पताल उदयपुर – ६८ जना

- जिल्ला अस्पताल इलाम – ९ जना
- जिल्ला अस्पताल धनकुटा – २३ जना (५ जना भोजपुर र ५ जना ताप्लेजुङ्गमा गई शल्यक्रिया गरेको समेत)
- प्रादेशिक अस्पताल भद्रपुर – १ जना
- स्वास्थ्य निर्देशनालय, धनकुटा – १४३ जना (विराट नर्सिङ्ग होमसँग सेवा सम्झौता गरिएको)

**आयुर्वेदतर्फ**

१. प्रादेशिक आयुर्वेद अस्पताल, लखनपूरमामा विशेषज्ञ सेवा सहितको वहिरंग, पञ्चकर्म, प्रयोगशाला, फिजियोथेरापि, क्षारसूत्र सेवा सञ्चालनमा आएको ।

२. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र धनकुटा तथा इलामद्वारा भवन निर्माणका लागि DPR तयार भएको ।

३. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा आवश्यक जनशक्तिहरुको करार पदपुर्ति भएको तथा सेवा सञ्चालनमा आएको

४. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग, इलाम र उदयपुरमा सःशुल्क आयुर्वेद फार्मेसी सञ्चालनमा आएको।

५. वस्ति चिकित्सा एवं पूर्वकर्म सम्बन्धि तालिम म्यानुअल निर्माण भई प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुरमा तालिम कार्यक्रम सम्पन्न भएको।

६. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र उदयपुर, गाइघाटमा नया भवनको निर्माण कार्य सम्पन्न भई सेवा सुचारु भएको ।

७. प्रदेशका सवै जिल्लाहरुमा जिल्लास्तरीय नागरिक आरोग्य कार्यक्रमको अभिमुखिकरण तथा अभियान सञ्चालन सम्पन्न भएको। त्यसैगरी जिल्लामा पालिकास्तरीय अभिमुखिकरण तथा प्रदेशका विभिन्न पालिकामा रहेका ५३ वटा नागरिक आरोग्य सेवा केन्द्रहरुद्वारा नागरिक आरोग्य अभियानका कार्यक्रमहरु सञ्चालन भएको।

८. कोशी प्रदेशका विभिन्न ४० वटा माध्यमिक विद्यालयहरुमा कार्यक्रम सम्पन्न भई शिक्षक, शिक्षिका, विद्यार्थी, विद्यालय नर्स तथा जनप्रतिनिधिहरु लगायतले स्वस्थ जीवनशैली, सद्वृत, दिनचर्या, ऋतुचर्या, योग तथा स्थानीय जडिबुटी सम्बन्धि ज्ञान प्राप्त गरेको।

**जनस्वास्थ्य तर्फ**

१. सवै स्वास्थ्य कार्यालयहरुमा खोप कोल्डचेन सेवा व्यस्थित गरी नेपाल सरकारले तोके वमोजिमको नियमित खोप सेवा प्रवाह, पूर्ण खोप सुनिश्चितता तथा नियमित खोपका लागि स्थानीय तहसमेतको संलग्नतामा कार्यक्रम संचालन गरिएको।

२. प्रदेशका सवै जिल्लाहरुमा स्वास्थ्य कार्यालयहरु मार्फत कोभिड १९ विरुद्धको बुस्टर मात्रा खोप अभियान संचालन तथा व्यवस्थापन।

३. मातृ मृत्यु पहिचान तथा मृत्युको कारण पत्ता लगाई मातृ मृत्युदर न्युनिकरण गर्न स्वास्थ्य कार्यालय उदयपुर, मोरङ्ग, सुनसरी, पाँचथर, सोलुखुम्बुमा समुदायस्तरमा MPDSR (Maternal and Perinatal Death Surveillance and Response) कार्यक्रम संचालन।

४. परिवार नियोजन कोशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य कार्यालयहरु मार्फत स्थायी बन्ध्याकरण तथा लामो अवधिको परिवार योजना सेवा, शिविर संचालन, परिवार नियोजन सेवाको सुदृढीकरण गरिएको।
५. मानसिक स्वास्थ्य सेवालाई अन्य स्वास्थ्य सेवासंगै एकीकृत गरी समुदायस्तरबाटै सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मीहरुका लागि Mental Health package 2074 अनुसार तालिम संचालन।
६. अन्तराष्ट्रिय सीमा नाकाहरुमा संचालित हेल्थ डेस्क (पशुपतिनगर, काँकडभिट्टा, रानी, भन्टाबारी) व्यवस्थापन तथा स्वास्थ्यकर्मी परिचालन।
७. प्रदेशका १४ जिल्लाका १४५ वटा विद्यालयहरुमा विद्यालय नर्स करार तथा सेवा निरन्तरता गरी विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम संचालन।
८. प्रदेश जनस्वास्थ्य प्रयोगशालामा आधुनिक उपकरण, प्रविधी जडान गरी विशेष प्रकृतिका ल्याव परीक्षण सेवा निःशुल्क रुपमा प्रदान गरिएको।
९. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत विभिन्न औजार उपकरण, औषधी, औषधीजन्य सामग्री लगायतका खरिद कार्य समपन्न गरी सम्बन्धित सेवा केन्द्रसम्म ढुवानी गरिएको।

**अन्य**

१. स्वास्थ्य निर्देशनालयमार्फत जिल्लास्थित अस्पतालहरुमा संचालित Special Neonatal Care Unit/Neonatal ICU को Mentoring कार्यक्रम संचालन।
२. प्रदेशका ४ वटा अस्पतालहरुमा स्तनपान प्रवर्द्धन तथा सहज वातावरण निर्माण गर्न स्तनपान कक्ष निर्माण गरिएको। ( जिल्ला अस्पताल भोजपुर, पाँचथर, सुनसरी, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर)
३. प्रादेशिक अस्पतालहरुलाई मातृशिशु मैत्री अस्पतालका रुपमा विकास गर्न Mother and Baby Friendly Hospital Initiatives (मातृ शिशुमैत्री सेवा अभियान निर्देशिका २०७३) वमोजिम प्रदेशका ४ वटा अस्पतालहरु ( जिल्ला अस्पताल संखुवासभा, उदयपुर, सुनसरी, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर) मा स्वास्थ्यकर्मीलाई अभिमुखिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिएको।

**तालिम**

१. नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन गर्न स्वास्थ्यकर्मीहरुका लागि CBIMNCI, Kangaroo Mother Care सम्बन्धि तालिम।
२. प्रजनन् स्वास्थ्य रुग्णताको (RH Morbidity) Screening तथा व्यवस्थापन गर्न स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि, पाठेघरको मुखको क्यान्सरको screening and Prevention (CCSP) तालिम संचालन।
३. सवै जिल्लाहरुमा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको।
४. प्रदेशभित्रका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीका लागि Primary Trauma Care/Basic Life Support तालिम २ ब्याच संचालन गरी जटिल समस्या भएका विरामीहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुलाई सक्षम बनाइएको।

५. स्वास्थ्यकर्मीहरूका लागि परिवार नियोजन सम्बन्धी Implant तालिम संचालन गरिएको।
६. नसर्ने रोगको रोकथाम तथा नियन्त्रण गर्न स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीको क्षमता विकास तालिम संचालन गरिएको।

**कानून, कार्यविधी निर्माणतर्फ**

१. स्वास्थ्यकर्मी करार सेवा सम्बन्धी कार्यविधि**, २०७९** स्वीकृत भएको।
२. विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भई लागू भएको।

## ५.७ खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय

आ.व. ०७९/८० को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सम्पादित मुख्य मुख्य विवरणहरु:

| सि.नं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १. | नयाँ सिंचित क्षेत्रफल | हेक्टर | २००७ |
| २. | सिंचित क्षेत्रफल पुनर्स्थापना | हेक्टर | ८४७५ |
| ३. | बाँध निर्माण तथा तटबन्ध कार्य | कि.मि. | २६.२६ |
| ४. | लाभान्वित घरधुरी | संख्या | २२४२७ |
| ५. | जग्गा उकास क्षेत्रफल | हेक्टर | ३२६ |
| ६. | घरायसी सौर्य प्रणाली ५० पिकवाट | संख्या | ८०० |
| ७. | सुधारिएको विधुतीय चुलो वितरण | संख्या | ६१३ |
| ८. | आधारभूत खानेपानी सेवा कभरेज | प्रतिशत | ९१.५० |
| ९. | आधारभूत खानेपानि सेवा पुगेको जनसंख्या | जना | ४०५३७३७ |

**आ.ब.२०७९/८० को खानेपानी तर्फको प्रगति**

| क्र.सं. | विवरण | ईकाइ | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १. | पाइप उपलब्ध | कि.मी. | २२१९.७ | २२१३.१ | ९९.७ |
| २. | इन्टेक/सम्पवेल/बोरिङ निर्माण | गोटा | ५३८.० | ५१७.० | ९६.१ |
| ३. | ट्रांसमिसन पाइप लाइन जडान | कि.मी. | ४९२.९ | ५००.४ | १०१.५ |
| ४. | वितरण पाइप लाइन जडान | कि.मी. | १५३४.१ | १४०४.७ | ९१.६ |
| ५. | पानीपोखरी/ओभरहेड टंकी निर्माण | गोटा | ४८६.० | ४६५.० | ९५.७ |
| ६. | धारा जडान निजी | गोटा | २२१२७.० | २१५९०.० | ९७.६ |
| ७. | गार्ड हाउस निर्माण | गोटा | ६.० | ३.० | ५०.० |
| ८. | समिति कार्यालय भवन निर्माण | गोटा | १२.० | ११.० | ९१.७ |
| ९. | आयोजना हस्तान्तरण | गोटा | २३.० | १८.० | ७८.३ |
| १०. | क्रमागत आयोजनाको स्किम हस्तान्तरण | गोटा | १०९.० | ९४.० | ८६.२ |

आ.ब.२०७९/८० को सिचाई तर्फको प्रगति

| सि.नं. | कार्यालयको नाम | प्रगति प्रतिशत | | जम्मा सिंचित क्षेत्रफल (हे.) | |
|---|---|---|---|---|---|
| | | वित्तीय | भौतिक | पुनर्स्थापित | थप बिस्तारित |
| १. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ्ग | ८५.८९ | ९० | ७६१ | १५७ |
| २. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, सुनसरी | ७२.७४ | ८० | ४८७ | ० |
| ३. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, उदयपुर | ८५.३३ | ९६ | १७३७ | ० |
| ४. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, झापा | ९०.२३ | ९६ | ११७० | ० |
| ५. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, इलाम | ९३.१७ | ९८ | ८८५ | ३१५ |
| ६. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, पाचँथर | ७९.३० | ८६ | ९३ | १८ |
| ७. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, ताप्लेजुङ्ग | ८३.९२ | ९१ | १९५ | १३८ |
| ८. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, धनकुटा | ७८.०६ | ८७ | २७० | ० |
| ९. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, तेह्रथुम | ८८.४६ | ९१ | ० | २० |
| १०. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, संखुवासभा | ८१.२५ | ९२ | १८८ | ७ |
| ११. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, भोजपुर | ७०.४० | ८० | १५० | १३९ |
| १२. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, खोटाङ्ग | ८५.३९ | ९७ | १९११ | २६६ |
| १३. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, ओखलढुङ्गा | ९०.४४ | ९६ | ३३२ | ५० |
| १४. | जलश्रोत तथा सिंचाइ विकास डिभिजन, सोलुखुम्बु | ८२.६९ | ९२ | २९६ | ५१ |
| १५. | भुमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ | ९८.३० | १०० | ० | ८४६ |
| १६. | कन्काई सिंचाई व्यवस्थापन कार्यालय, झापा | ९१.६३ | ९६ | ० | ० |
| १७. | चन्दामोहना सिंचाई व्यवस्थापन कार्यालय, मोरङ्ग | ९८.५७ | १०० | ० | ० |
| **कुल जम्मा** | | **८५.५१** | **९२.२३** | **८४७५** | **२००७** |

**उर्जा तर्फको कार्य प्रगति**

- विपन्न वर्ग लक्षित सौर्य उर्जा उज्यालो कार्यक्रम अन्तर्गत स्थानिय तहको सिफारिसमा विद्युतिकरण नपुगेको दश स्थानिय तहको विभिन्न ८०० घर धुरीमा (५० Watt) क्षमताको सौर्य विद्युत जडान कार्य।
- विद्युतिय चार्जिङ्ग स्टेशन निर्माण कार्यक्रम अन्तर्गत (CS२-६०KW) क्षमताको प्रदेशको तीन स्थान (विराटनगर, इटहरी र सुरुङ्गाबजार) मा चार्जिङ स्टेशन निर्माण कार्य भैरहेकोछ।
- मन्त्रालय/कार्यलयमा सुधारिएको विद्युतिय चुलो वितरण कार्यक्रम अन्तर्गत विद्युतिय चुलो मन्त्रालयवाट मा.मन्त्रिस्तरिय निर्णय अनुसार वितरण गरिएको छ।

## ५.८ सामाजिक विकास मन्त्रालय

| बजेट बुदाँ नं. | आ.व ०७९/८० को नीति बजेट तथा कार्यक्रम | सम्पादित कार्यहरु |
|---|---|---|

| | | |
|---|---|---|
| ३३ | प्रदेशमा रोजगारीका अवसर वृद्धि गर्न तथा श्रम बजारको माग र आपूर्तिबीच सामाञ्जस्यता कायम गर्न प्रदेश रोजगार नीति तर्जुमा गरी लागू गरिनेछ । रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिनेछ । | कोशी प्रदेशको श्रम बजार सम्वन्धी विस्तृत अध्ययन |
| | | प्रदेशको श्रम र रोजगार (वैदेशिक रोजगार समेत)सम्वन्धी ऐन, नियम नीति तर्जुमा |
| | | सामाजिक पुनःएकीकरण नीति (बैदेशिक रोजगारीबाट फर्केका नागरिकका लागि) |
| ३४ | कोभिड-१९ महामारीबाट रोजगारी गुमाएका श्रमिकको मनोसामाजिक परामर्श, क्षमता अभिवृद्धि र सामाजिक एकीकरण लगायतका श्रम आप्रवासन सम्बन्धी कार्यक्रम थप जिल्लामा बिस्तार गरिनेछ। वैदेशिक रोजगारीलाई बढी व्यवस्थित, उत्पादनशील र मर्यादित बनाउन माइग्रेशन रिसोर्स सेन्टरको भूमिकालाई प्रभावकारी बनाइनेछ । | प्रदेश परियोजना समन्वय समितिको वैठक |
| | | निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरुलाई वैदेशिक रोजगारी सम्वन्धी प्रशिक्षण तथा नीति, निर्देशिका, कार्यविधि निर्माण कार्य साथै स्थानीय तहसँगको सहकार्यमा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सुचना प्रवाह लागायतका कार्यक्रम |
| | | परियोजान निर्देशक समितिको वैठक |
| | | परियोजना समन्वय तथा कार्यान्वयन समितिको वैठक |
| | | परियोजा समन्वय तथा कार्यान्वयन इकाई |
| | | सम्वन्धित प्रदेश मन्त्रालयका परियोजना समन्वय तथा कार्यान्वयन ईकाई कार्यालय सेटअप |
| | | प्रदेश तहमा आर्थिक वर्ष २०७९/८० को कार्ययोजना र वजेट तर्जुमा कार्याशाला गोष्ठी |
| | | प्रदेश र स्थानीय तह बीच समझदारीपत्र/पुनएकीकरण मुद्दाहरुमा समन्वय कार्यशाला वैठक |
| ३९ | प्रदेशस्तरमा सामाजिक सम्वादलाई संस्थागत गर्न तथा औद्योगिक श्रम सम्बन्ध व्यवस्थित गर्न गठित प्रदेश श्रम सल्लाहकार परिषद्लाई थप कृयाशील बनाइनेछ । श्रमिकको हकहित, सुरक्षा र सामाजिक सम्वाद सम्बन्धी प्रादेशिक नीति एवम् कानून तर्जुमा गरिनेछ । | सामाजिक सुरक्षा र प्रदेशका उद्योग प्रतिष्ठान बीच समन्वय कार्यक्रम |
| ५० | भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि प्रादेशिक संस्कृति नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। लोपोन्मुख तथा सीमान्तकृत समुदाय एवम् किरौंत, लिम्बु, धिमाल, थारु, कोच लगायतका सभ्यता र संस्कृतिको अध्ययन अनुसन्धान गरी पर्यटकीय सम्पदाको रुपमा विकास गरिनेछ । | भाषा,कला,साहित्य र संस्कृति सम्बन्धी प्रादेशिक नीति निर्माण |
| | | किँरात सभ्यता र संस्कृतिको विषयमा खोज तथा अनुसन्धान |
| | | प्रदेशभित्रका विभिन्न जातजाति तथा ऐतिहासिक, पुरातात्विक, धार्मिक स्थलहरुको बृत्तचित्र निर्माण र प्रसारण |
| | | प्रदेशभित्रका पुरातात्विक तथा ऐतिहासिक स्थलहरुको अभिलेखिकरण |
| | | प्रदेशभित्र रहेका अल्पसंख्यक, लोपोन्मुख, सिमान्तकृत जातजातिहरुको अध्ययन अनुसन्धान |

| | | |
|---|---|---|
| ५१ | प्रदेशभित्र रहेका विभिन्न जात-जातिको पहिचानको रुपमा रहेका ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि धनकुटामा रहेको प्रादेशिक संग्रहालयलाई बहुसाँस्कृतिक संग्रहालयको रुपमा विकास गरिनेछ । | प्रदेशभित्रका जातीय संग्रहालयहरुलाई व्यवस्थापकीय सहयोग |
| ५२ | प्रदेशभित्र बोलिने प्रमुख भाषा र लिपीको संरक्षण एवम् सम्वर्द्धन गरिनेछ । प्रदेशका प्रमुख नाका तथा विमानस्थलमा प्रदेशको पर्यटकीय महत्व झल्किने कला, संस्कृति र प्राकृतिक सम्पदाको प्रचार सामग्री तथा डिजिटल डिस्प्ले राखिनेछ । | प्रदेशभित्रका मौलिक भाषा र लिपीहरुको संरक्षण कार्यक्रम |
| ८० | सामाजिक क्षेत्रमा लगानी, विकासको सुनौलो विहानीको मान्यतालाई मूर्तरूप दिन महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, शिक्षा तथा युवा खेलकुद क्षेत्रलाई समेटी रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । | बाल विवाह बिरुद्धको प्रदेश रणनीति, २०७९ तयार गरिएको। |
| ८१ | विद्यालय तहको शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी, सीपयुक्त एवं सूचना प्रविधिमैत्री बनाउन प्रदेश शिक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । स्थानीय तहसँगको समन्वयमा प्रदेशको विशेषता र स्थानीय आवश्यकता तथा विभिन्न प्रकारका दुर्व्यसन रोकथामका विषयमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ। आधारभूत विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक मातृभाषामा निर्माण गर्न, विज्ञ शिक्षक व्यवस्थापन गर्न सहजीकरण गरिनेछ । | मातृभाषामा पठनपाठन गराउने आधारभूत सामुदायिक विद्यालयलाई प्रोत्साहन अनुदान |
| | | प्रदेश शिक्षाको व्यवस्थापकीय तथा गुणस्तर सुधारका लागि वित्त सहितको सहभागितामा अनुभव आदानप्रदान र अन्तर्क्रिया |
| ८२ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाई सामुदायिक विद्यालयहरु मा भौतिक सुविधाको विकास एवं विस्तार गरी गुणस्तर अभिवृद्धि गर्न विद्यालय भवन, अपाङ्ग एवम् लैङ्गिक मैत्री शौचालय, स्वच्छ पिउने पानी, मर्मत संभार, तथा सूचना प्रविधिको विकास र विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ । | विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा विस्तार |
| | | विद्यालयमा स्वच्छ पिउने पानी प्रवन्ध |
| | | धार्मिक प्रकृतिका विद्यालयलाई अनुदान |
| | | कक्षा शिक्षणमा ICT को उपयोगसम्बन्धी अनुगमन अनुसन्धान तथा प्रतिवेदन प्रकाशन |
| | | विद्यालयमा इ-शिक्षा स्मार्टकक्षा व्यवस्थापन |
| ८३ | सम्बन्धित स्थानीय तहसँगको समन्वय एवम् सहकार्यमा विद्यालयको भौतिक पूर्वाधार विकास र व्यवस्थापकीय सुधारमा लगानी बढाउँदै | नमूना माध्यमिक विद्यालय नभएका स्थानीय तह (प्रत्येक जिल्लाका १/१ स्थानीय तह) मा स्थानीय तहसँगको साझेदारीमा नमूना माध्यमिक विद्यालय विकास कार्यक्रम |

| | | |
|---|---|---|
| | लगिनेछ । सबै स्थानीय तहमा एउटा माध्यमिकतहको नमूना विद्यालय बनाउने नीति अख्तियार गरिनेछ । प्रत्येक स्थानीय तहमा एउटा आधारभूत विद्यालयलाई नमूना बालमैत्री विद्यालयको रुपमा विकास गरी गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ । | बालमैत्री आधारभूत विद्यालय स्थापना नभएका स्थानीय तहमा (प्रत्येक जिल्लामा २ वटा) सञ्चालित आधारभूत विद्यालयलाई स्थानीयतहको साझेदारीमा नमूना बालमैत्री विद्यालय विकासका लागि अनुदान |
| ८४ | विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन शिक्षकको पेशागत क्षमता विकास गर्न सेवा प्रवेश तथा सेवाकालीन तालिम सञ्चालन गरिनेछ । आधारभूत तहदेखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित अवधारणामा आधारित शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिनेछ । | माध्यमिकतह कक्षा ९ र १० का गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षकहरूलाई टिपिडी तालिम (अनलाइनसमेत) |
| | | STEM (Science, Technology, Engineering and Mathematics) मा शिक्षकहरुको क्षमता विकासका लागि तालिम |
| | | आधारभूत तह कक्षा ४ देखि ८ का गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षकहरूलाई टिपिडी तालिम (अनलाइनसमेत) |
| | | माध्यमिक तह कक्षा ९ र १० का नेपाली र सामाजिक विषयका शिक्षकहरूलाई टिपिडी तालिम (अनलाइनसमेत) |
| | | आधारभूत तह कक्षा ४ देखि ८ का नेपाली र सामाजिक विषयका शिक्षकहरूलाई टिपिडी तालिम (अनलाइनसमेत) |
| | | माध्यमिक तह कक्षा ११ देखि १२ का नेपाली र सामाजिक तथा जीवनोपयोगी सिप विषयका शिक्षकहरूलाई टिपिडी तालिम (अनलाइनसमेत) |
| | | आधारभूत तह कक्षा १ देखि ३ एकीकृत पाठ्यक्रम सम्बन्धी टिपिडी तालिम (अनलाइनसमेत) |
| | | माध्यमिक तह कक्षा ११ देखि १२ का अङ्गेजी विषयको शिक्षकहरूलाई टिपिडी तालिम |
| | | डिजिटल साक्षरताका लागि अनलाइन टिपिडी तालिम |
| | | विद्यालयका IT स्रोत शिक्षक का लागि सूचनाप्रविधि सम्वन्धी क्षमता विकास प्रशिक्षण प्रशिक्षण |
| | | दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षण गर्ने शिक्षकहरुको क्षमता विकासका लागि टिपिडी तालिम |
| | | सुनाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षण गर्ने शिक्षकहरुको क्षमता विकासका लागि टिपिडी तालिम |
| | | प्रारम्भिक बालविकास सहजकर्ताका लागि टिपिडीतालिम |
| | | आधारभूत तहका अनिवार्य विषयबाहेकका विषयका लागि टिपिडी तालिम (अनलाइनसमेत) |
| | | माध्यमिक तहका अनिवार्य विषयबाहेकका विषयका लागि टिपिडी तालिम (अनलाइनसमेत) |

| | | |
|---|---|---|
| | | केन्द्रबाट विकसित नमुना तालिम स्रोत सामाग्री र शिक्षा तालिम केन्द्रबाट विकसित तालिम सामग्री छपाइ |
| | | तालिम सञ्चालन अवधिमा स्थलगत अनुगमन तथा प्राविधिक सहयोग, स्थिति प्रतिबेदन तथा अनुगमन प्रतिबेदन तयारी |
| | | Digital Learning Centre को विकास तथा सुदृढीकरण |
| ८५ | सामुदायिक विद्यालयका प्रधानाध्यापकका लागि विद्यालय व्यवस्थापन तथा सञ्चालन सम्वन्धी विशिष्टीकृत तालिम सञ्चालन गरी क्षमता अभिवृद्धी गरिनेछ । उत्कृष्ट व्यवस्थापन र नतिजा भएका सफल सामुदायिक माध्यमिक विद्यालयलाई निश्चित मापदण्ड बनाई प्रत्येक जिल्लाबाट एउटा विद्यालय छनौट गरी पुरस्कृत एवम् प्रोत्साहित गरिनेछ । | उत्कृष्ट ब्यवस्थापन भएका सफल सामुदायिक माध्यमिक विद्यालयलाई प्रत्येक जिल्लाबाट १/१ उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम |
| | | उत्कृष्ट ब्यवस्थापन भएका सफल सामुदायिक आधारभूत विद्यालयलाई प्रोत्साहन अनुदान (प्रत्येक जिल्लामा १/१ विद्यालय) |
| | | प्रधानाध्यापक नेतृत्व क्षमता विकास सम्बन्धी टिपिडी तालिम |
| ८६ | देशको उच्च शिक्षालाई व्यवस्थित, प्रभावकारी रोजगारमुलक बनाई उत्पादनसँग जोड्न प्रादेशिक उच्च शिक्षा नीतिको तर्जुमा गरिनेछ। उच्च शिक्षाको पहुँच र गुणस्तरमा अभिवृद्धि गर्दै सक्षम, योग्य, दक्ष, नवप्रवर्तनात्मक तथा सीपयुक्त रोजगारमुखी मानव संशाधन विकासमा जोड दिइनेछ। मनमोहन प्राविधिक विश्वविद्यालयको संरचनागत र कार्यक्रमगत सुदृढीकरणका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ। मनमोहन प्राविधिक विश्वविद्यालयमा थप शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश आविष्कार केन्द्रलाई थप सुदृढीकरण गरिनेछ । | उच्चशिक्षाको नीति तर्जुमा |
| | | मनमोहन प्राविधिक विश्वविद्यालयलाई अनुदान |
| ८७ | प्रदेशमा सञ्चालित प्राविधिक शिक्षालयहरुको संस्थागत सुदृढीकरण गरी व्यावसायिक एवम् सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिइनेछ । | सामुदायिक विद्यालयमाप्राविधिक शिक्षा कार्यक्रम TECS विद्यालयका लागि प्रस्तावमा आधारित अनुदान |
| | | साझेदार शिक्षालयका लागि प्रस्तावमा आधारित अनुदान |
| | | ENSSURE परियोजनाको बजेटबाट १० वटा शिक्षालय मार्फत २४ महिने अप्रेन्टिसिप तालीम सञ्चालन भईरहेको । |
| | | सीप परीक्षण सम्बन्धी सहजिकरण र पूर्व सिकाई मान्यता RPL विधिद्धारा सीप परीक्षण |
| | | CTEVT कार्यालय, प्राविधिक शिक्षालय, प्राविधकधारका सामुदायिक विद्यालयका प्रमुख/प्रधानाध्यापकहरुको चौमासिक प्रगति तथा योजना निर्माण सम्बन्धी कार्यक्रम |

| | | |
|---|---|---|
| ८८ | सामुदायिक क्याम्पसहरुको पूर्वाधार विकास तथा सञ्चालन सहायताको लागि निश्चित मापदण्ड निर्धारण गरी सो को आधारमा अनुदान दिने नीति तय गर्दै गणस्तरीय शैक्षिक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । प्रदेशको सम्भाव्यता र विशिष्टता अनुरुप उच्चशिक्षाको पाठ्यक्रममा समसामयिक परिमार्जन गर्न जोड दिइनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका समुदाय र अपाङ्गता भएका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रबृति प्रदान गर्ने नीतिलाई प्रभावकारी बनाइनेछ । | आर्थिक तथा सामाजिकरुपले पछाडि परेका समुदाय र अपाङ्गता भएका विद्यार्थीलाई उच्च शिक्षा छात्रबृति |
| | | सामुदायिक क्याम्पसका क्याम्पसप्रमुखहरूसँग शैक्षिक गुणस्तर एवं अनुदान मापदण्ड सम्वन्धी अन्तरक्रिया कार्यक्रम |
| | | पूँजीगत अनुदान प्राप्त नगरेका सामुदायिक क्याम्पसहरूलाइ सञ्चालन अनुदान |
| | | सामुदायिक क्याम्पसहरूलाई भौगोलिक स्थिति र विद्यार्थी संख्याको आधारमा प्रस्तावमा आधारित पूँजीगत अनुदान |
| ८९ | चिकित्साक्षेत्रमा उच्च तहको जनशक्ति उत्पादन गर्न प्रदेश स्वास्थ्य विज्ञान अध्ययन प्रतिष्ठान स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ। औषधिजन्य जडिबुटीको अध्ययन अध्यापनका लागि सम्भाव्यता अध्ययन गरिनेछ । | चिकित्सा क्षेत्रमा उच्च तहको जनशक्ति उत्पादन गर्न प्रदेश स्वास्थ विज्ञान अध्ययन प्रतिष्ठान स्थापनाको सम्भाव्यता अध्ययन |
| ९० | प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम परिषद् गठन गरिनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम सम्बन्धी प्रादेशिक नीति तर्जुमा गरी प्राविधिक शिक्षालय वा विद्यालयको स्थापना, सञ्चालन, व्यवस्थापन, नियमन, अनुगमन गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी कानून तर्जुमा गरिनेछ।लक्षित वर्गका विद्यार्थीहरुका लागि प्राविधिक शिक्षामा छात्रवृत्ति उपलब्ध गराइनेछ | TVET नीतिको मस्यौदा तयारी |
| | | प्राविधिक शिक्षा सम्बन्धी नीति तथा कानून तर्जुमा |
| ९१ | प्राविधिक शिक्षा अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रमलाई प्रभावकारी बनाउन कृषि र पशुपालनका क्षेत्रमा अध्ययनरत प्रशिक्षार्थीको प्रयोगात्मक उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ।विद्यालयमा सिकाइमा आधारित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ। प्राविधिक शिक्षालय तथा विद्यालयहरुमा अध्ययनरत प्रशिक्षार्थीको प्रयोगात्मक अभ्यासका लागि विषयसँग सम्बन्धित उद्योग व्यवसाय, कृषि फर्म तथा सडक पूर्वाधार, भवन निर्माण जस्ता कार्य गर्ने संस्थाहरुसँग समन्वय गर्ने नीति लिइनेछ । | |
| | | प्राविधिक धार सञ्चालित सामुदायिक विद्यालयका प्रशिक्षकहरुका लागि पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण |

| | | |
|---|---|---|
| ९२ | निरन्त रशिक्षाका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ। आगामी आर्थिक वर्षमा प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिनेछ । | साक्षरप्रदेश घोषणा कार्यक्रम |
| ९३ | भाषा, कला, संस्कृतिको जगेर्ना र प्रवर्द्धनको निम्ति प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ। प्रदेशमा ललितकलाको अध्ययन, अनुसन्धान, खोज र प्रवर्द्धनलाई प्रोत्साहित गरिनेछ । | प्रदेशप्रज्ञा प्रतिष्ठान गठन |
| | | भाषा,साहित्य,कला र संस्कृति क्षेत्रमा कार्यरत श्रष्टा सम्मान |
| | | भाषा, साहित्य तथा संस्कृतिसँग सम्बन्धित दिवस/ जयन्ती/ समारोहहरु |
| | | भाषा, साहित्य, कला र संस्कृतिसम्बन्धी अन्तर्क्रिया, गोष्ठी तथा कार्यशाला |
| | | नाट्य महोत्सव तथा कार्यशाला |
| | | परम्परागत मौलिक धर्म तथा संस्कृति संरक्षण कार्यक्रम |
| | | धार्मिक तथा साँस्कृतिक संघ सस्थाहरुलाई सहयोग कार्यक्रम |
| | | भाषा, कला, साहित्य र संस्कृतिप्र वर्द्धनका लागि संघ संस्थाहरुलाई सहयोग |
| | | स्मृति, प्रतिष्ठान, फाउण्डेशन, अध्ययन केन्द्र तथा संघसंस्थाहरुलाई सहयोग |
| ९४ | सामुदायिक पुस्तकालय एवम् सामुदायिक अध्ययन केन्द्रलाई सदृढीकरण गरी स्थानीय स्तरमा प्रकाशित उपयोगी पुस्तकहरु संग्रहित गरिनेछ। सामुदायिक पुस्तकालयहरुलाई प्रविधि मैत्री बनाइनेछ । | सामुदायिक सिकाई केन्द्रहरुको सुदृढिकरणका लागि प्रस्तावमा आधारित अनुदान |
| | | पुस्तकालय दिवस कार्यक्रम सञ्चालन तथा व्यवस्थापन |
| | | सामुदायिक पुस्तकालयहरुका सञ्चालकहरुको गोष्ठी |
| | | स्नातकोत्तर क्याम्पस विराटनगरको सहकार्यमा प्रदेशस्तरीय ई लाइब्रेरी स्थापना तथा सञ्चालन |
| | | सामाजिक विकास मन्त्रालयको पुस्तकालय सुदृढीकरण |
| | | सामुदायिक पुस्तकालयहरुको पुस्तकालय सुदृढीकरणका लागि प्रस्तावमा आधारित अनुदान |
| ९५ | राषट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्ने कोशी प्रदेशका खेलाडीलाई प्रोत्साहन स्वरुप पुरस्कृत एवम् सम्मानित गर्ने नीति लिइनेछ। खेलकुदको विकास तथा | प्रदेश खेलकुद विकास वोर्ड तथा १४ जिल्ला समिति सञ्चालन तथा व्यवस्थापन अनुदान |
| | | प्रदेश खेलकुद विकास वोर्ड तथा १४ जिल्ला समितिको संगठन तथा व्यवस्थापन (O&M) अध्ययन सर्वेक्षण |

| | | |
|---|---|---|
| | उन्नयनमा सरकारको भूमिकालाई प्रभावकारी बनाउँदै लगिने छ।खेलकुदको विकासमा निजी क्षेत्रलाइ सहभागी गराउने नीति लिइनेछ । | प्रदेश स्तरीय प्रशिक्षक विकासका लागि NIS कोर्ष प्रशिक्षण |
| | | नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रदेशस्तरीय तयारी तथा व्यवस्थापन |
| | | अन्तरप्रदेश तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सहभागिता तथा तयारी |
| | | विद्यालय शिक्षक खेलकुद प्रशिक्षण कार्यक्रम |
| | | खेल प्रशिक्षक प्रशिक्षण कार्यक्रम (ToT) |
| | | महिला सेल्फ डिफेन्स तालिम तथा योगा प्रशिक्षण |
| | | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता (जिल्ला तथा प्रदेशस्तरीय विद्यालय खेलकुद प्रतियोगिता) |
| | | खेलकुद सामग्री खरिद |
| | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई सम्मान तथा प्रोत्साहन |
| | | मुख्यमन्त्री कप राष्ट्रिय भलिवल प्रतियोगिता |
| | | प्रस्तावको आधारमा खेल सम्वन्धी संघ संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा खेलकुद प्रतियोगिता सञ्चालन |
| | | प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन (प्रदेशस्तर मुख्यमन्त्री कप फुटवल सहित) |
| | | खेलकुद दिवस सञ्चालन |
| | | अन्तर्राष्ट्रिय खेलाडी स्वास्थ्य वीमा तथा Gold Card सुविधा |
| | | अपाङ्गता भएका व्यक्तिहरुका लागि पारा खेलकुदप्रतियोगिता सञ्चालन |
| | | स्कुल To ओलम्पिक ( Experience and knowledge sharing) |
| | | मिरा राई फाउण्डेसन ट्रेल रेस भोजपुर अनुदान |
| ९६ | प्रादेशिक एवम् जिल्ला र स्थानीय तहमा रहेका खेलकुद पूर्वाधारको स्तरोन्नति र निर्माणकार्यलाई निरन्तरता दिइनेछ। प्रत्येक जिल्ला सदरमुकाम र स्थानीय तहका केन्द्रमा खुल्ला व्यायामशाला र कभर्ड हलको निर्माण गर्दै लगिनेछ। स्थानीय तहसँगको समन्वयमा साहसिक र पर्यटकीय | संघीय सशर्त अनुदानका खेल पुर्वाधार योजना सञ्चालन नभएका स्थानीय तहका रंगशाला, खेलमैदान तथा कवर्डहल निर्माण तथा स्तरोन्नति |
| | | जिल्ला सदरमुकामका स्थानीय तहमा खुल्ला व्यायामशाला निर्माण |
| | | प्रदेशभित्र साहसिक खेलकुदका लागि सम्भाव्यता अध्ययन |

| | | |
|---|---|---|
| | खेलकुद(प्यारा ग्लाइडिङ, कायाकिङ, ऱ्याफ्टिङ्ग आदि) का लागि सम्भाव्यता अध्ययन गरी खेल पूर्वाधार विकासका लागि निजी क्षेत्र सँग साझेदारी गरिनेछ। सबै माध्यमिक विद्यालयहरुमा स्काउट विकासको कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । | स्काउट विकासका लागि कार्यक्रम नपरेका स्थानीय तहमा (प्रत्येक जिल्लामा २ वटा) विद्यालयमा स्काउट विकासका लागि छनोट भएका माध्यमिक विद्यालयहरुलाई अनुदान |
| | | साहसिक खेलकुद सञ्चालन (प्याराग्लाइडिङ/ र्‍याफ्टिङ/ काइकिङ) |
| १०१ | शैक्षिक वेरोजगार युवाशक्तिलाई सरकारी सेवा प्रवेशमा आकर्षित गर्नका लागि सबै स्थानीय तहसँगको समन्वय र साझेदारीमा अभिप्रेरणा र अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। | महिला, दलित, जनजाति तथा आर्थिक रुपले विपन्न युवा लक्षित निजामती तथा सरकारी सेवाप्र वेश क्षमता विकास कार्यक्रम |
| | | प्रदेश विकास स्वयंसेवक परिचालन निर्देशक तथा कार्यकारी समिति वैठक सञ्चालन तथा व्यवस्थापन |
| | | बैज्ञानिक अध्ययन अनुसन्धानका लागि युवा प्रोत्साहन कार्यक्रम (प्रत्येक जिल्लाबाट २ जना) |
| | | युवा सम्वन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा |
| १०२ | विद्यालयतहमा विज्ञान तथा गणित शिक्षकहरुका लागि प्रयोगात्मक शिक्षण तालिम सञ्चालन गर्न प्रत्येक जिल्लामा एक एक वटा विज्ञान तथा गणित प्रविधि प्रयोगशाला स्थापना गरिनेछ । | सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन |
| ११५ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । | PLGSP सँगको सहकार्यमा १)लैङ्गिक समानता नीति र २) सामाजिक समावेशीकरण नीति तर्जुमा गरिएको छ । बजेट खर्च छैन |
| ११६ | प्रदेशमा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षण विहीन व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, मधेशी, मुस्लिम लगायत पछाडि परेका समुदायको विकासका लागि लक्षित वर्ग मैत्री शसक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ । | स्थानीय तहको साझेदारीमा बाल कल्याण गृहमा आश्रित बालबालिकाका लागि संस्थागत अनुदान |
| | | बाल कल्याणगृह महासंघ, प्रदेशलाई अनुगमन, सहजिकरण अनुदान |
| | | बाल वालिकासंग सम्बन्धित दिवसीय कार्यक्रम |
| | | प्रदेश बाल अधिकार समिति गठन तथा पदाधिकारी वैठक |
| | | बाल कल्याण गृह सञ्चालक /व्यवस्थापकहरुलाई बाल बालिकाको संरक्षण तथा हेरचाह विषयक तालिम |
| | | मुख्यमन्त्री एवं प्रदेशसरकारसँग बालबालिका अन्तरसंवाद |
| | | प्रदेश बालकोष स्थापना |
| | | बाल अधिकार तथा सामाजिक न्यायसम्बन्धि कार्यक्रम अनुगमन |
| | | लैङ्गिक तथा यौनिक अल्पसंख्यक (LGBTIQ) समुदायकका व्यक्तिहरुलाई सीपमूलक तालिम |

| | | |
|---|---|---|
| | | लैंङ्गिक तथा यौनिक अल्पसंख्यक (LGBTIQ) समुदायकका व्यक्तिहरुलाई व्यवसाय सञ्चालन अनुदान |
| | | विपन्न दलित आदिवासी र सीमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मानिर्भर कार्यक्रम (स्थानीय तहहरुसँगको सहकार्यमा) |
| | | अन्तर्ष्ट्रिय महिला दिवस लगायतका दिवसीय कार्यक्रम १) राष्ट्रिय मानव बेचविखन विरुद्धको दिवस २) लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान ३)अन्तर्राष्ट्रिय महिला दिवस ४) गणतन्त्र दिवस |
| | | महिला लक्षित सवालमा संसदीय पत्रकार लगायत अन्यलाई विषयगत तालिम |
| ११७ | प्रदेशसरकार तथा स्थानीय तहको साझेदारीमा सञ्चालन भएको एकल महिला उद्यमशीलता विकास कार्यक्रमलाई क्रमशः अन्य स्थानीय तहहरूमा विस्तार गर्दै लगिनेछ । | स्थानीयतहहरुसँगको साझेदारीमा एकल महिला उद्यमशिलता व्यवसाय तालिम कार्यक्रम |
| | | स्थानीयतहहरुसँगको साझेदारीमा एकल महिला उद्यमशिलता व्यवसाय अनुदान कार्यक्रम |
| ११८ | लैंङ्गिक हिंसा न्यूनीकरणका लागि प्रदेश तथा सबै स्थानीय तहहरूमा स्थापित लैंङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिदै कोषमा रहने रकममा समयानुकुल वृद्धि गरिनेछ।लैङ्गिक हिंसा पीडित तथा मानव बेचविखन तथा ओसारपसार पीडित महिला तथा बालिकाको संरक्षण एवं पुनः स्थापनाका लागि प्रदेश सरकारद्वारा सञ्चालित दीर्घकालीन पुनःस्थापना गृहलाई थप प्रभावकारी बनाइनेछ। प्रत्येक जिल्लामा स्थानीय तह तथा सामाजिक विकास संस्थामार्फत लैंङ्गिक हिंसा पीडित महिलाका लागि सञ्चालित अल्पकालीन पुनःस्थापना केन्द्र सञ्चालन गर्न निरन्तरता दिइनेछ । | सबै स्थानीय तहमा लैंङ्गिक हिंसा विरुद्व संरक्षण कोष स्थापना |
| | | स्थानीय तहहरुको साझेदारीमा हिंसा पीडित महिलाहरुका लागि अल्पकालीन सुरक्षित आवास गृह सञ्चालन अनुदान |
| | | दीर्घकालीन पुनर्स्थापना गृहसञ्चालनमा निरन्तरता |
| ११९ | सन् २०२५ सम्ममा बाल विवाहमुक्त प्रदेश वनाउने अभियानलाई सफल पार्न प्रदेशका जोखिमयुक्त क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयमा स्थानीय तहसँगको सहकार्यमा किशोरी शसक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।प्रदेश भित्र रहेका बालगृह, बाल हेल्पलाईनको सुदृढीकरण तथा सञ्चालनमा आवश्यक सहयोग गरिनेछ। आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार एवम् | बाल विवाह अन्त्यका लागि किशोरी शसक्तिकरण कार्यक्रम |
| | | बालसुधार गृह विराटनगरमा रहेका बालकहरुका लागि सीप विकास तालिम |
| | | बालबालिका आपतकालिन (उद्धार, उपचार, पुनर्स्थापना) संरक्षणका लागि हेल्पलाईन १०९८ विराटनगरलाई अनुदान |

| | | |
|---|---|---|
| | संरक्षणका लागि आपतकालीन बाल उद्धार कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ । | बाल विवाह विरुद्धको प्रदेश रणनीति कार्यान्वयनको लागि स्थानीय तहहरुसँगको साझेदारी कार्यक्रम |
| १२० | सडक बालबालिकामुक्त प्रदेश निर्माणका लागि तीनै तहको सरकारको समन्वय र सहकार्यमा सडकबालबालिकाको उद्धार, पुनःस्थापना, पारिवारिक पुनर्मिलन तथा पुनःएकीकरण, पालन पोषण, शिक्षा, सीप तथा स्वरोजगार तालिम सञ्चालन गरी सडक बालबालिकाको संरक्षण तथा व्यवस्थापनमा जोड दिइनेछ। सडकमा रहेका तथा जोखिमयुक्त श्रममा संलग्न गराइएका बालबालिकाको उद्धार, संरक्षण, पुनःस्थापना र पुनर्मिलन गराउदै बालमैत्री प्रदेश निर्माणमा जोड दिइनेछ । | सडक बालबालिका संरक्षण तथा व्यवस्थापन सहयोग अनुदान |
| १२१ | अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक तथा सामाजिक विकासका लागि प्रदेश सरकार, स्थानीय तह रसाझेदार संस्थाको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिदैं अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर, स्वावलम्वी र सम्मानजनक जीवनयापनका लागि थप स्थानीय तहमा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ। अपाङ्गता भएका व्यक्तिहरुको सूचना एवं सेवामा पहुँच स्थापनाका लागि स्थानीय तहमा अपाङ्गता सूचना तथा सहायता कक्ष स्थापना र सञ्चालनका साथै एक स्थानीय तह एक सांकेतिक दोभाषे सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । | अपाङ्गता रोकथाम ताथा पुनर्स्थापना कार्यक्रम |
| | | स्थानीय तहहरुसंगको साझेदारीमा बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिकाका लागि संस्थागत अनुदान |
| | | अपाङ्गता सम्बन्धी विभिन्न दिवसीय कार्यक्रम |
| | | अपाङ्गता ग्राम खगेन्द्र नवजिवन केन्द्र भद्रपुर झापालाई संचालन अनुदान |
| | | अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामाग्री उत्पादन, वितरण, फीजियोथेरापि सहयोगका लागि सि.आर संस्था विराटनगरलाई अनुदान |
| | | राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेश विराटनगरलाई सांकेतिक भाषा नयाँ शब्द संकलन सम्बन्धि तालिम सञ्चालन अनुदान |
| | | रतुवामाई नगरपालिकामार्फत पूर्णअसक्त भएका परिवारको स्याहार संरक्षणको लागि अनुदान |
| | | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम निर्देशक समितिको बैठक सञ्चालन |
| | | NTV इटहरी मार्फत सांकेतिक भाषा समाचार प्रसारण |
| | | स्पाइनल इन्जुरी संघ इटहरी कोशी प्रदेशलाई होजीयारी उद्योग सञ्चालन अनुदान |
| | | प्रदेश अपाङ्ग समन्वय समिति गठन तथा पदाधिकारी बैठक |
| | | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको प्रभावकारिता अध्ययन |

| | | |
|---|---|---|
| | | राष्ट्रिय अपाङ्ग महासंघ कोशी प्रदेशसमिति मार्फत दोभाषेको व्यवस्था सहित अपाङ्गता सहायता कक्षको निरन्तरता तथा बिक्रि कक्ष सञ्चालनको लागि अनुदान |
| १२२ | विभिन्न कारणले असहाय भई सडकमा रहेका सहयोगापेक्षी सडक मानवहरुको उद्धार तथा पुनःस्थापना गर्दै सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माणको अभियान सञ्चालन गरिनेछ । | सहयोगापेक्षी सडक मानव उद्धार, पुनर्स्थापना, उपचार तथा पुनर्मिलनका लागि मानव सेवा आश्रम विराटनगरलाई अनुदान |
| १२३ | जेष्ठ नागरिकहरुको संरक्षण र सम्मान सहितको पुनःस्थापनाका लागि नेपाल सरकारको सहकार्यमा प्रदेशकै नमूना ज्येष्ठ नागरिक ग्राम स्थापना गरिनेछ। प्रत्येक जिल्लामा जेष्ठ नागरिक ग्राम स्थापना गर्न पहल गरिनेछ। ज्येष्ठ नागरिकको ज्ञान र अनुभवलाई समाज तथा मुलुकको हितमा पुँजीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। एक स्थानीय तहमा कम्तिमा एउटा दिवा सेवा केन्द्र सञ्चालनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ । | स्थानीय तहहरुको साझेदारीमा बृद्धाश्रमहरुको सुदृढिकरण तथा व्यवस्थापन सहयोग कार्यक्रम |
| | | स्थानीय तहहरुको साझेदारीमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन अनुदान |
| | | स्थानीय तहहरुको साझेदारीमा ज्येष्ठ दिवा सेवा केन्द्र पूर्वाधार विकास कार्यक्रम |
| | | प्रादेशिक ज्येष्ठ नागरिक संघहरु माझ अन्तर्क्रिया गोष्ठी कार्यक्रम |
| | | ज्येष्ठ नागरीक र अल्जाईमर्स दिवस |
| | | टि.भी तथा रेडियो मार्फत ज्येष्ठनागरिकहरुको भोगाई तथा अनुभव प्रस्तुतीकरण कार्यक्रम |
| | | राष्ट्रसेवक ज्येष्ठ नागरिक समाज विराटनगरलाई कार्यक्रम सञ्चालन अनुदान |
| १२४ | दलित तथा महिला सशक्तीकरण कानूनको निर्माण गरिनेछ। छुवाछुत मुक्त प्रदेश निर्माणगर्न विशेष अभियान सञ्चालन गरिनेछ । | प्रदेशस्तरीय दलित समूदायको संस्थाहरुमार्फत जातीय विभेद तथा छुवाछुत विरुद्व अभियानका लागि अनुदान |

## ५.९ उद्योग, कृषि तथा सहकारी मन्त्रालय

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्धि तथा प्रतिफल |
|---|---|---|
| १ | वीउ प्रशोधन पूर्वधार वीउ भण्डारण गृह / निर्माण | ५वटा वीउ प्रसोधन पुर्वाधारहरु स्थापना भई कम्तीमा २५०० मेटन वीउ. प्रसोधन भण्डारण क्षमता विस्तार। २ करोड ८८ लाख सहयोग उपलब्ध गराईएको। खाद्यान्न वीउ आपुर्ति प्रणालीमा सुधार भई उन्नत वीउको उपलब्धता बढने |
| २ | खाद्यान्न भण्डारण गृह निर्माण | ७ वटा खाद्यान्न भण्डारण गृह निर्माण भई न्यूनतम २००० मेटन.खाद्यान्न भण्डारण पुर्वाधार निर्माण भएको छ । ३ करोड ४१ लाख सहयोग उपलब्ध गराईएको। किसानहरुले कममूल्य भएको समयमा खाद्यान्न भण्डारण गरी उच्च मूल्य भएको समयमा बिक्री गरी मुनाफा आर्जन गर्न सक्ने |
| ३ | धानबाली प्रवर्द्धन कार्यक्रम | झापा,मोरङ्ग,सुनसरी र उदयपुरका विभिन्न पालिकाहरुमा संचालन भई धान उत्पादन सम्बद्ध यन्त्र उपकरण रप्रसोधन पुर्वाधार निर्माण सहयोग गरिएको। १ करोड ५३ लाख ७० हजार सहयोग उपलब्धगराईएको। |

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्धि तथा प्रतिफल |
|---|---|---|
| | | यसवाट आधुनिक यन्त्र उपकरणको प्रयोगले उत्पादन लागत घटने । |
| ४ | मकैबाली प्रवर्द्धन कार्यक्रम | झापा,मोरङ्ग,सोलुखुम्बु, संखुवासभा र तेह्रथुम जिल्लाका विभिन्न पालिकाहरुमा संचालन भई मकै उत्पादन सम्बद्ध यन्त्र उपकरण र प्रसोधन पुर्वाधार निर्माण सहयोग। यस कार्यक्रमबाट १ करोड २८ लाख बरारबरको सहयोग उपलब्ध गराईएको छ। |
| ५ | दलहनबाली प्रवर्द्धन कार्यक्रम | ताप्लेजुङ्ग र मोरङ्गजिल्लामा संचालन गरी ३० लाख २३ हजार सहयोग उपलब्ध गराईएको छ।दलहन वाली सम्बद्ध आधुनिक यन्त्र उपकरणको प्रयोगले उत्पादन लागत घटने । |
| ६ | तेलहन बाली प्रवर्द्धन कार्यक्रम | झापा मोरङ्ग र सुनसरी जिल्लाका पाँच स्थानीय तहहरुमा संचालन भएको र ७३ लाख ७० हजार सहयोग उपलब्ध गराईएकोछ ।तेलहनवालीको क्षेत्रफल बृद्धि भएको। |
| ८ | किबी खेती प्रवर्द्धन कार्यक्रम | २१ हे. क्षेत्रफलमा किवि खेती विस्तार भएको र किवी खेती प्रवर्द्धन कार्यक्रमबाट माच व्यवस्थापन गरि उत्पादनमा वृद्धि हुने अनुमान गरिएको। |
| ९ | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | ३७३ किसान परिवारमा ब्यवसायिक फलफुल बगैंचा स्थापना भएको र १०९हे. क्षेत्रफलमा व्यावसायिक फलफूल खेती विस्तार भएको । ३ बर्ष पछि बार्षिक रुपमा सुन्तला, केरा, ड्रागन फ्रुट, कागती, थप उत्पादन हुने लक्ष्य लिएको । |
| १० | सुन्तला जात बगैचा व्यवस्थापन एवं सुदृढीकरण कार्यक्रम | ३२ वटा सुन्तला जात बगैंचाको करिव १६ हेवगैचा व्यवस्थापन भएको र . आगामी वर्ष रोग कीराको व्यवस्थापन उत्पादनमा १५ प्रतिशतले वृद्धि हुने।१०५कृषकहरुको बगैंचा व्यवस्थापनमा क्षमता अभिवृद्धि हुने |
| ११ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादनकार्यक्रम | ३७ स्थानमा कार्यक्रम सञ्चालन भएको र राजमार्ग आसपासका ३४०कृषकहरुले ४५ हेक्टरमा आधुनिक तरिकाले मौसमी तथा बेमौसमी तरकारी खेती शुरु गरेकोर प्रति वर्ष ५०० मेटन उत्पादन वृद्धि हुने।. |
| १२ | कफी खेती विस्तार कार्यक्रम | १५ स्थानमा ३२ हेक्टरमा व्यावसायिक कफि खेती क्षेत्र विस्तार भएको।आगामी ४ वर्ष पछि उत्पादनमा ३० मेटन थप हुने।. |
| १३ | नमूना अलैंची वगान स्थापना | २ स्थानमा कार्यक्रम सञ्चालन भई २५ हेक्टरमा नमूना अलैंची वगान स्थापना भएको र आगामी ३ वर्ष पछि थप १५ मेटन. गुणस्तरीय अलैची उत्पादन बढ्ने |
| १४ | अलैंचीको नयाँ क्षेत्र विस्तार कार्यक्रम | ५ स्थानमा १६ हेक्टरमा नमूना अलैंची वगान स्थापना भएको र आगामी ३ वर्ष पछि थप ६.मे ४.टन गुणस्तरीय अलैची उत्पादन बढ्ने |
| १५ | चक्लावन्दी खेती प्रवर्द्धन कार्यक्रम | एउटा सहकारी र ३ वटा कृषक समूह मार्फत ५३ थान मोटर बोरिङ्ग जडान, ६ थान ट्रयाक्टर खरिद, ३ धान थ्रेसर मेसिन खरिद, ४ थान कल्टिभेटर खरिद, ५ थान रोटा भेटर खरिद, २ थान डिस्क हेरो खरिद, २ थान लेभ्लरखरिद, १७ थान नेपसेक स्प्रयेर खरिद, १ थान पम्प सेट जडान, १५० हे. जग्गा सम्याइएको तथा २०० हे क्षेत्रफलमा सिंचाई सुबिधा हुने, सामुहिक खेतिको प्रवर्द्धन हुने। |
| १६ | चैते धान बिशेष सहयोग कार्यक्रम | २४४ हेक्षेत्र बिस्तार) क्षेत्रफलमा थप चैते धान खेती बिस्तार .वापत प्रति कट्ठा ५०० अनुदान वितरण अनुमानित (१३९६ मेटन चैते धान थप . |

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्धि तथा प्रतिफल |
|---|---|---|
| | | उत्पादनभएको। |
| १७ | गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम | ४२ वटा भकारो सुधार तथा ८२ गडयौली मल उत्पादन का लागि**vermicompost pit**निर्माण भई १५० मेगुणस्तयुक्त मल उत्पादन हुने .ट. रासयनिक मलमा कार्यक्रम संचालित क्षेत्रमा निर्भरता कम हुने ।प्राङ्गारीक मल प्रयोगमा अनुदान तर्फ ७१३ मे.टन प्राङ्गारीक मलमा प्रति केजी दश रुपैयाका दरले अनुदान उपलब्ध गराईएको । |
| १८ | एक पालिका एक नर्सरी स्थापना सहयोग | ३५ वटासिंचाई सहितको स्क्रिन हाउस निर्माण र नर्सरीमा चाहिने उपकरणहरु खरिदमा सहयोगगरी वार्षिक ३५००० भन्दा बढी विभिन्न वर्षे तथा हिउदें फलफूलका विरुवा उत्पादनहुने। |
| २० | मागमा आधारित कार्यक्रम | सिंचाई पुर्वाधार निर्माण, यान्त्रिकरण र प्रविधि अवलम्बन सहयोग १६० हे . भन्दा बढी क्षेत्रफलमा सिंचाइको सुविधा विस्तार भएको, तरकारीको उत्पादनमा ४५० मे टन थप हुने र मौरी मह उत्पादनमा.४०० के जी थप हुने र यन्त्र उपकरणको प्रयोगले कृषकको लागत खर्च १५-२० प्रतिशत कम हुने।पशुपन्छी क्षेत्र समेत गरी २२२ जना कृषकहरुले उन्नत प्रविधि अवलम्बनमा सहयोग पुगेको । |
| २१ | प्याज उत्पादन प्रवर्द्धन कार्यक्रम | २५ हेक्टर जग्गामा प्याज खेतिको प्रवर्द्धन भएको र २७० मेटन . प्याजउत्पादन भएको र आगामि वर्षमा प्याज खेती थप २० हेक्टरमा विस्तार हुने |
| २२ | नमुना कृषि फार्म स्थापना सहयोग | ३५ कृषक घरधुरीमा बाँसको २०७ वटा प्लाष्टिक टनेल निर्माण, ११ वटा फलामे ट्रसको टनेल निर्माण, १३ वटा हाइटेक टनेल निर्माण र सो संरचनालाइ चाहिने सिंचाइ तथा यन्त्र उपकरण खरिदमा सहयोग, च्याउ उत्पादनको लागि ६ वटा टनेल निर्माण, बटन मसरुमको लागि पूर्वाधार तयार, बेसार प्रशोधनको लागि पूर्वाधार निर्माण तथा मेशिनरी खरिद, ड्रागन फ्रुटको लागि ४००० वटा पिल्लर निर्माणमा सहयोग, पुष्प खेतीको लागि विक्रि कक्ष निर्माणबाट ब्यवसायिक कृषि प्रवर्द्धन भएको । |
| २४ | आलु भण्डारणको लागि रष्टिक स्टोर भण्डार निर्माण | ४ वटा रष्टिक स्टोर निर्माण भई ३२ मेटन भन्दा बढी आलु भण्डारण.हुने र बजारको माग अनुसार वीउ आलु आपुर्ति गर्न सकिने। |
| २५ | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोगकार्यक्रम | २८ वटा धुवा रहित सुधारिएको अलैचि भट्टी निर्माण गुणस्तरीय अलैची बजारिकरणमा सहयोग पुग्ने । |
| २६ | रैथाने वालीउत्पादन प्रवर्द्धन कार्यक्रम कोदो ) (फापर जौ आदि | **combine mill 2, digital balance 2 , multi thresher** १ , फापर विउ ११२**kg** , मिनि टिलर १ , लट्टे विउ २५ प्याकेट खरिद र परिकार विविधिकरण तालिम १, रैथाने बाली सम्बन्धमाबुकलेट र लिफलेट प्रकाशन वितरण |
| २७ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | ९८ जना महिलाहरुले उन्नत कृषि प्रविधि अवलम्बनमा ९५ लाख सहयोग उपलब्ध गराई च्याउ,मह र तरकारी उत्पादन मार्फत उनीहरुको आयस्तरमा सुधार हुने अपेक्षा गरिएको छ |

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्धि तथा प्रतिफल |
|---|---|---|
| २८ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | ३३७ जना युवाहरु सहभागी भै ९४३ आधुनिक मौरी घार, ४०९ प्लास्टिकघर, ईन्सेक्ट नेटग्रिन नेट/, १९ सेट मोटरजडान, ५४ च्याउ घर निर्माण, २८ मिनिटिलर, १० बोरिङ्ग सेट निर्माण मार्फत च्याउ मह र तरकारि उत्पादनमा बृद्धि । |
| ३१ | हाईब्रिड मकै खेती विस्तार आयोजना )**Area based cash incentives)**क्षेत्र विस्तार | प्रति हेक्टर १५ हजारका दरले हाईब्रीड मकै उत्पादनमाकुल ३७६हेमा . ५६लाख ५०हजारप्रोत्साहन उपलब्ध गराईएको । |
| ३३ | माटो परिक्षण शिविर संचालन | २८ वटा माटो परिक्षण शिविर संचालन भएको। २८०० वटा माटोको नमुनापरिक्षण भई माटोको अवस्था बारे कृषकहरुलाई जानकारी भएको र माटोको स्वास्थ्य सुधारमा अग्रसर हुने। |
| ३४ | प्लान्ट ल्किनिक संचालन | ५१ वटा प्लान्ट क्लिनिक संचालन भई रोग किरा लागेका वाली विरुवाको नमुना अवलोकन परिक्षण तथा सल्लाह सुझाव तथा २५०० घर परिवारका कृषकहरुले आफ्नो वाली विरुवाको परिक्षण गराएको । |
| ३५ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | १२९० हेक्टर क्षेत्रफलमा उन्नत बीउको प्रसार भएको। आधुनिक यन्त्र उपकरणको प्रयोगबाट उत्पादन लागत घट्ने, नयाँ प्रविधिवाट मकै रोप्न सहज भएको। उत्पादनमा करिब १५ देखि २० वृद्धि हुने अपेक्षा गरिएको % । |
| ३६ | प्राङ्गारिक मल उत्पादन पूर्वधार तथा यन्त्रउपकरण सहयोग | प्राङ्गारिक मल उत्पादनका लागि ५ वटा सेड हाउस निर्माण र मेशिन गरि प्रदेशमा नै मासिक पूर्वाधारमा सहयोग/३८० मेटन प्राङ्गारिक . मलउत्पादन हुने। प्राङ्गारीक मल प्रयोगमा अनुदान तर्फ ७१३ मेटन . प्राङ्गारीक मलमा प्रति केजी दश रुपैयाका दरले अनुदान उपलब्ध गराईएको छ । |
| ३७ | सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्र उपकरणमा सहयोग | २ वटा सुपारी प्रशोधन भवन निर्माण र यन्त्र उपकरणमा सहयोग मार्फतवार्षिक ५५०० मेटन सुपारी प्रशोधन हुन.सक्ने। ३० जनाले रोजगारी पाउने। |
| ३८ | कृषिपशु सहकारी / संस्थाहरुसंगको सहार्यमा व्यबसायिक पशु पालनकार्यक्रम | १३वटासहकारी मार्फतकार्यक्रम सम्पन्न गरी४ करोड ५१लाख ४१हजार सहयोग उपलब्ध गराईएको छ ।यसकार्यक्रम मार्फत गाईभैसीका २३७ वटा गोठ, बाख्राका १०२ वटा खोर निर्माण, ३९ वटा उन्नत गाई, १४ वटा साँढे, ४०० वटा उन्नतजातका बाख्रा ,१३ वटा प्रजननयोग्य बोका, १९४ वटा च्याफ कटर, १२७ वटा काउ म्याट, ६० वटा ब्हील ब्यारो र २४७ वटा मिल्क क्यान गरिएको यसवाट६०० किसान घर परिवार लाभान्वित भएका छन |
| ४१ | बाख्राको बृहत्तर पकेट प्याकेज कार्यक्रम मासुमा ) अत्मनिर्भरकार्यक्रम अन्तर्गत( | ९ वटा सहकारी मार्फत कार्यक्रमबाट बाख्राका २४९ वटा आधुनिक खोरनिर्माण, ४२९ उन्नत पाठी, ५६ वटा उनन्त बोका, २८ वटा च्याफ कटर वितरण तथा ७ वटाडिपिङ्ग ट्याकं, एउटा साईलो पिट निर्माण, एउटा साईलेज कटर वितरण गरी ३४३ कृषकघरपरिवार ब्यवसायिक बाख्रापलनमा अग्रसर भएको र यस मासु उत्पादनमाबृद्धि हुनेछ ।कार्यक्रमबाट३करोड ४५लाख ५६हजार सहयोग उपलब्ध गराईएको छ । |

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्धि तथा प्रतिफल |
|---|---|---|
| ४२ | व्यावसायिक भैंसीपालन प्रवर्द्धन कार्यक्रम | १९ वटा भैसी गोठनिर्माण १२२ वटाच्यापकटर वितरण १५ वटा म्याट ५७ वटा कम्बाईनमिल १० व६ फ्लावर मिल ७ वटा डिफ फ्रीज२० वटा मिल्क क्यान तथा एउटा दुध सकंलनकेन्द्र निर्माण मार्पत ब्यवसायिक भैसीपालन प्रवर्द्धन शुरुवात भएको छ ।यसवाट१३९ किसान घरपरिवार प्रत्यक्ष रुपमा लाभान्वित भएका छन । |
| ४३ | गाइभैसी व्लक/ | २ वटा डेरी भवन,४६ वटा गोठ निर्माण, १५ वटा गाई ३ वटा साँढे ४० वटाच्याफ कटर एक लाख छब्बीस हजार घाँसको सेट एउटा दुध ढुवानी साधन, ५३५ वटायुरियामोलासेस २०० वटा मिल्क क्यान २ वटा साईलो पिट,२०० मिल्क क्यान र ११३ काउ म्याटखरिद मार्फत ११२६ किसान घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन । |
| ४४ | बाख्रा व्लक | १५८ वटा खोरनिमार्ण ३८ उन्नत बोका वितरण २३८माउपाठी वितरण ८१ वटा च्याफ कटर १३ कम्बाघन मील आदि वितरणबाट ९२५ किसान घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन । |
| ४५ | बंगुर व्लक | यसकार्यक्रमबाट ६८ वटा खोर निमार्ण, ३१० पाठापाठी ६० वटा बिर २१ वटा कम्बाईन मिल लगाउन विभिन्न उनन्त प्रविध प्याकेज मार्फत ब्यावसायिक बंगुरपालन गर्ने २०८किसान प्रत्यक्ष लाभान्वित भएका छन |
| ४६ | बोयर बोका खरिद तथा वितरण | ४१८ बटा क्रस वोयर बोका वितरण गरिएको कुल ४ करोड ४२ लाख ७८ हजारखर्च भएको । |
| ४७ | अदुवार अलैची प्रशोधन उद्योग यन्त्र उपकरण खरिदमा सहयोग | नीजि उद्यमीहरुको लागत सहभागितामा एउटा अलैची प्रसोधन उद्योग र एउटा अदुवा प्रसोधन उद्योगको निर्माण गरिएको । |
| ५१ | युवा लक्षितपशुपालन कार्यक्रम | १०८ जना युवाहरु ब्यवसायिक पशुपालनमा सहभागि भई स्वरोजगार वनेका छन । |
| ५२ | द्वन्द्वपिडितपशुपंक्षीपालन कार्यक्रम | उन्नत पशुपंक्षी पालन तथा पशुजन्य उत्पादन विवधिकरणमा ७४ जना सहभागि भएको २ करोड ९ लाख ४३ हजार सहयोग उपलब्ध गराईएको छ। ७४ जना द्वन्द पिडितहरु ब्यवसायिक पशुपालनमा सहभागि भई स्वरोजगार वनेका छन । |
| ५३ | दुध उत्पादनका आधारमा अनुदान | दुध उत्पादनमा प्रोत्साहन स्वरुप प्रति ली २ रुपैंयाका दरले कुल ७ करोड ७४ लाख ४ हजार भुक्तानि भएकोजम्मा २०२७६ जना किसान लाभान्वित भएका छन जसमा ६४महिला %सदस्यहरु रहेका छन । औषतमा प्रति किसान ३८१७ रुपैया प्रोत्साहन उपलब्ध भएको । |
| ५४ | स्थानिय तहको सहकार्यमा पूर्वाधार निर्माण | विभिन्न स्थानिय तहहरुमा ६५ वटा साना कृषि बजार संरचना, २२ स्थानमा मोटर वोरिङ्ग सिचाईतथा कुलो निर्माण,५ वटा प्रसोधन केन्द्हरु निर्माण सम्पन्न भएका छन । |
| ५५ | उपयुक्तप्रविधि हस्तान्तरण | ७३६ जनालाई उद्यम विकास सम्बन्धी उपयुक्त प्रविधि हस्तान्तरण भएको |
| ५६ | बजार अनुगमन | ६०० पटक बजार अनुमगन गरिएको |

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्धि तथा प्रतिफल |
|---|---|---|
| ५७ | उद्योग अनुगमन/ निरीक्षण | ७८० वटा उद्योग अनुगमन निरीक्षण गरिएको |
| ५८ | उद्यमी विकास तथा रोजगार कार्यक्रम | ६१६ जनालाई उद्यमी विकास तथा रोजगार कार्यक्रमवाट तालिम प्रदान गरिएको |
| ५९ | युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास | ७९० जनालाई उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास तालिम प्रदान गरिएको |
| ६० | उद्योग प्रवर्द्धन तालिम | ३२६ जनालाई प्रदान गरिएको |
| ६१ | स्थापित उद्यमीहरुका लागि स्तरोन्नती कार्यक्रम | ४६९ लाई स्तरोन्नती तालिम प्रदान गरिएको |
| ६२ | वाणिज्य फर्म दर्ता | २०७५ वाणिज्य फर्महरु दर्ता भएका |
| ६३ | उद्योग दर्ता | ५२०५ उद्यम दर्ता भई ५५२२ उद्यमी मार्फत १५३४१ रोजगारी सिर्जना भएको छ। |
| ६४ | कृषक तालिम | विभिन्न वाली सम्बद्ध ११ वटा र व्यवसायिक पशुपन्छी र मत्स्यपालन सम्बन्धी ३६ वटा गरी कुल ४७ वटा तालिम कार्यक्रममा २७५ जना महिला र ७३४ पुरुष गरी कुल १०३९ जना कृषकहरुले तालिम प्राप्त गरेका छन । |

## ५.१० पर्यटन, वन तथा वातावरण मन्त्रालय

आ.व. २०७९/०८० को सम्पादित कामहरुको मुख्य मुख्य विवरण

क) वन तथा वातावरण संरक्षण

- काष्ठ तथा गैहृकाष्ठ वन पैदावारः
  - (क) काठ उत्पादन र निकासीः- २,४१,८५,२३५.४७ क्यु.फि ।
  - (ख) दाउराको उत्पादन र विक्री वितरणः- ८,१३७.७६ चट्टा ।
  - (ग) गैहृकाष्ठ वन पैदावारको संकलन र विक्री वितरणः- ४६,०१,३३५.९४ के.जी. ।
- कार्ययोजना नविकरणः (क) सामुदायिक वनः- ३४४ वटा ।
  (ख) कवुलियती वनः- १२० वटा ।
- साझेदारी र चक्ला वनमा दिगो वन व्यवस्थापनको कार्यान्वयनः मोरङ र सुनसरी ।
- वन्यजन्तुको लागि जैविक मार्ग विकास तथा व्यवस्थापनः डि.व.का. झापा, मोरङ र सुनसरीको क्षेत्रमा (विशेष गरी जंगली हात्तीको लागि जैविक मार्गको व्यवस्थापन तथा नियमित गस्ती परिचालन भएको )।
- नर्सरी निर्माण तथा मर्मतः
  - (क) काष्ठजन्य तथा फलफुलको नर्सरी निर्माणः ९ वटा ।
  - (ख) नर्सरी मर्मतः ४९ वटा ।
- बिरुवा उत्पादनः

(क) एक बर्षे विरुवाः २४ लाख ८५ हजार ।
(ख) वहुवर्षीय विरुवाः ७ लाख ५० हजार ।
(ग) फलफुलका विरुवाः १ लाख १२ हजार ।
(घ) जडीबुटीका विरुवाः ५२ हजार ।

- बृक्षारोपण तथा रोपणः
  (क) एक बर्षे तथा बहुबर्षीय विरुवा बृक्षारोपणः १६० हेक्टर (वन क्षेत्र, निजी क्षेत्र, सार्वजनिक क्षेत्र) ।
  (ख) जडिबुटी बृक्षारोपणः १०५ हेक्टर (वन क्षेत्र, निजी क्षेत्र, सार्वजनिक क्षेत्र)।
  (ग) वनजन्य फलफुलका विरुवा वन क्षेत्रमा रोपणः ३७ हजार ।
- कृषिवन प्रवर्द्धन (अनुदान समेत)
  (क) कृषिवन धनीलाई अनुदानः ६५ जना
  (ख) निजी जग्गामा कृषिवन व्यवस्थापन प्रवर्द्धनः ७ हेक्टर
- सिमसार क्षेत्रको व्यवस्थापनः ९ वटा स्थानमा ।
- अतिक्रमित वनक्षेत्र नियन्त्रण तथा पुनर्स्थापनाः ५ हेक्टर (उदयपुर)
- उद्यम तथा उद्यमशिलता प्रवर्द्धनः
  (क) भेनियर उद्योग स्थापनाः ७ वटा।
  (ख) उद्यमशीलता अभिबृद्धीः ८ वटा समूहमा भएको। (सःमिल, टपरी, नाङ्लो, डोको, फर्निचर, हातेकागज, जैविक मल उत्पादन तथा बाँसका अन्य सामाग्री उत्पादन)

- उद्यान निर्माण तथा पर्यापर्यटनः
  (क) उद्यान स्थापनाः ७ वटा (भोजपुर, खोटाङ्ग, धनकुटा, पाँचथर) ।
  (ख) पर्यापर्यटन प्रवर्द्धनः ६ वटा सामुदायिक वनमा (मोरङ्ग, भोजपुर, खोटाङ्ग, उदयपुर) ।
- अन्य
  (क) वन डढेलो तथा नियन्त्रण व्यवस्थापन योजना कार्यान्वयन ।
  (ख) सामुदायिक वन स्थलगत अभ्यास सञ्चालनः ९५ सामुदायिक वनहरुमा ।
  (ग) वातावरण सचेतना कार्यक्रम सञ्चालनः ७५ विद्यालयहरुमा ।
  (घ) Thinning (पतल्याउने) गरिएको सामुदायिक वनक्षेत्रः २५ हेक्टर ।
  (ङ) अग्नीरेखा मर्मत तथा सरसफाईः १० कि.मि.
  (च) काठको डिपो (घाटगद्दी) व्यवस्थापनः ५ स्थान (झापा, मोरङ्ग, उदयपुर र सुनसरी)

ख) <u>भू तथा जलाधार संरक्षण</u>

- आकस्मिक भू-संरक्षण कार्यक्रमः १४ स्थान ।
- भावर क्षेत्रमा रहेका पानी मुहान, सिमसार क्षेत्रको संरक्षण र ब्यवस्थापनः ५ स्थान ।

- जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रमः ६ स्थान ।
- रे तथा नदी प्रणाली संरक्षणः २ स्थान ।
- वायो इन्जिनियरिङ्ग खोला किनारा संरक्षणः ५० कि.मि. ।
- एकिकृत भूस्खलन नियन्त्रणः ४१ स्थान ।
- सडकसंग भू-संरक्षणः १६ कि.मि. ।
- एकिकृत सुख्खा क्षेत्र व्यवस्थापनः ६ स्थान ।
- खानेपानी तथा सिंचाई जलाधार व्यवस्थापनः ७ स्थान
- संवेदनशिल क्षेत्र भूसंरक्षण कार्यक्रमः ७ स्थान
- सिमसार/पोखरी जलाधार व्यवस्थापनः ३३ स्थान
- पोखरी निर्माण तथा व्यवस्थापनः ३ स्थान
- सिमसार संरक्षण तथा व्यवस्थापनः ३ स्थान
- शहरी जलाधार व्यवस्थापनः ४ स्थान

पर्यटन विकास आयोजना

- बहुवर्षिय योजना :- ४
- योजना संख्या :- ४१८

(क) सम्झौता भएका :-३८१

(ख) सम्पन्न भएका :- ३७७

(ग)सम्झौता भएर पनि कार्यान्वयन नभएका :-४

(घ)सम्झौता नभएका :-३७ (श्रोत सुनिश्चित नभएर, विवाद भएर)

१.हलेशी पर्यटन पूर्वाधार खोटांग

२.रमिते बृहत पर्यटकीय बेलबारी

३. बिराट दरबार मोरंग

४. कृष्ण मन्दिर पूर्वाधार भोजपुर

## ५.११ प्रदेश लोक सेवा आयोग

आर्थिक वर्ष २०७९/८० मा सम्पादित कार्यहरुको विवरण देहाय अनुसार रहेको छः-

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | आयोगले गरेका निर्णयहरु | १६८ |
| २. | आयोगको पञ्चवर्षीय रणनीतिक योजना निर्माण | १ |
| ३. | पाठ्यक्रम निर्माण तथा परिमार्जन | ४८ |
| ४. | प्रकाशन गरिएको विज्ञापन | १४० |
| ५. | बढुवाको सूचना प्रकाशन | ४० |
| ६. | दरखास्त स्वीकृत गरिएको उम्मेदवार संख्या | १,३३,२६६ |

| | | |
|---|---|---|
| ७. | प्रथम चरणको लागि संचालन भएको लिखित परीक्षा | ७ |
| ८. | द्वितीय चरणको लागि संचालन भएको लिखित परीक्षा | १९ |
| ९. | नतिजा प्रकाशन गरिएको लिखित परीक्षा | २९ |
| १०. | सिफारिस गरिएको उम्मेदवार संख्या | ४०९ |
| ११. | वैकल्पिक उम्मेदवार सिफारिस | ४४ |
| १२. | अस्थाई योग्यताक्रमको उम्मेदवार सिफारिस | १० |

## ५.१२ प्रदेश योजना आयोग

आर्थिक वर्ष २०७९/८० मा सम्पादित कार्यहरुको विवरण देहायअनुसार रहेको छः-

१. मध्यमकालिन खर्च संरचना (२०८०/८१-८२/८३) तर्जुमा
२. प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० तर्जुमा
३. प्रदेश स्तरीय आयोजना छनोट तथा बर्गीकरण सम्बन्धी कार्यविधी, २०८० तर्जुमा
४. प्रदेश पार्श्वचित्र अद्यावधिक (अन्तिम मस्यौदा तयार भएको)
५. वार्षिक प्रतिवेदन (तयारीको अबस्थामा)
६. विभिन्न जिल्लाहरुमा योजना अनुगमन
७. बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन तथा समन्वय
८. प्रदेश आर्थिक तथा सामाजिक विकासको रुपान्तरण पुस्तक प्रकाशन

## ५.१३ मुख्य न्यायाधिवक्ताको कार्यालय

आ.व.२०७९/८० मा सम्पादित कार्यहरुको विवरण देहायअनुसार रहेको छः-

- गाउँपालिका / नगरपालिकाहरूका न्यायिक समितिहरूसँग अन्तरकृया कार्यक्रम १० पटक
- अन्तर प्रदेश अनुभव आदन प्रदान कार्यक्रम १ पटक
- उच्च अदालत/सरकारी वकिल, प्रहरी एंव वार एशोसिएनसगं कानून सम्बन्धी अन्तरकृया कार्यक्रम - १ पटक
- प्रदेश कानून सम्बन्धी क्षमता अभिवृद्धि/अभिमुखिकरण कार्यक्रम स्थानीय तह -८ पटक
- प्रदेश कानून सम्बन्धी अभिमुखिकरण कार्यक्रम प्रदेश अन्तरगतका निकायहरूलाई -३ पटक
- प्रदेश प्रहरी प्रशिक्षण कार्यक्रम- १ पटक
- वालसुधार गृह निरिक्षण-१ पटक, करागार कार्यालय तथा हिरासत अनुगमन निरिक्षण-४ पटक
- आ.व.२०७९/८० को मुद्दाहरुको विवरणः-
    - जम्मा मुद्दा दर्ता संख्याः-१५२ वटा
    - फस्यौंट मुद्दा संख्याः-४५ वटा
    - बाँकी मुद्दा संख्याः-१०७ वटा

# परिच्छेद छ

## बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण

संघबाट हस्तान्तरण भएका आयोजनाहरु र प्रदेश सरकार गठन भए पश्चात विगत आर्थिक वर्षहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समेत स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको विवरण देहाय अनुसार रहेको छ।

**तालिका ९.१ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी विवरण**

(रकम रु.हजारमा)

| मन्त्रालय | ठेक्का सम्झौता रकम | आ.व.२०७९/८० सम्मको भुक्तानी | बाँकी दायित्व | आ.व.२०८०/८१ को विनियोजन |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार विकास मन्त्रालय (भवन आवास तर्फ) | ३३४०६८२.७७ | १३६११९८.९१ | ९१०५७८.१० | ७३१०००.०० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय (सडक र पूल तर्फ) | २९९९२९२२.८५ | १७९८६१५९.२३ | १४६११४३८.६८ | ३८२८६७०.०० |
| खानेपानी सिँचाई तथा उर्जा मन्त्रालय | १८३८००४.२६ | १०८६०५९.७९२ | ७१२३९८.६७५६ | २७८०४४.०० |
| पर्यटन वन तथा वातावरण मन्त्रालय | ७१५९७२.५९ | ३०७३६८.९३ | २२६०४.८६ | ११५०००.०० |
| जम्मा | ३५८८७५८२.४७ | २०७४०७८६.८६ | १६२५७०२०.३२ | ४९५२७१४.०० |
| पुनश्च - माथि उल्लेखित दायित्व ठेक्का सम्झौता रकम मात्र हो । | | | | |

(श्रोतः विषयगत मन्त्रालय)

## परिच्छेद सात

## बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरू

बजेट तर्जुमा गर्दा प्राथमिकता र सिद्धान्त निश्चित गरी प्रदेशको आर्थिक अवस्था र आवश्यकतालाई ध्यान दिई सीमित स्रोत र साधनलाई उच्चतम उपयोग गर्ने गरी आर्थिक तथा राजनैतिक दस्तावेजको रूपमा सरकारको नीति तथा कार्यक्रमको आधारमा तर्जुमा गरिन्छ। बजेट कार्यकारिणी माथि जनप्रतिनिधिहरूको नियन्त्रण हो। प्रदेश सभाबाट पारित भएको बजेट विषयगत मन्त्रालय/आयोगबाट स्वीकृत वार्षिक वजेट र कार्यक्रम अनुसार कार्यान्वयन गरिन्छ। प्रदेशका मन्त्रालय तथा निकायबाट खर्च भएको रकमको प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण र महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गरी मूल्याङ्कन गर्ने गरिएको छ।

### ७.१ बजेट तर्जुमामा देखिएका समस्याहरू

**(क) स्रोत अनुमान तथा परिचालनमा विद्यमान समस्याहरूः**

- प्रदेशको खर्चको आवश्यकता र क्षमताको अनुपातमा प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको रकम न्यून रहेको।
- प्रदेशको आन्तरिक आयको दायरा सीमित हुनु।
- संघबाट अनुदान र राजस्व बाँडफाँटको सीमा समयमै प्राप्त नहुने भएकोले तोकिएको समयभित्रै बजेट तर्जुमाको कार्य प्रारम्भ गर्न नसकिएको।
- राजस्व असुल गर्ने निकायहरूबीच सुचना आदान प्रदान र समन्वयको कमी रहनु।
- वैदेशिक सहायताको सम्पूर्ण हिस्सा राष्ट्रिय तथा प्रादेशिक बजेटमा समावेश नहुनु।

**(ख) विनियोजन दक्षतामा देखिएका समस्याहरूः**

- बजेट विनियोजनका लागि पर्याप्त गृहकार्य नगर्नु।
- अनिवार्य दायित्व व्यवस्थापन गरेर मात्र अन्य खर्चका लागि रकम विनियोजन गर्नुपर्ने भएकोले विकास खर्चलाई कम विनियोजन हुनु।
- प्राविधिक अध्ययन र तयारी विना बजेट माग गर्ने प्रवृत्ति कायम रहनु।
- कार्यान्वयन क्षमता नहेरी बजेट विनियोजन गरिनु।
- संघ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना रहनु।
- विगतमा व्यवस्था नगरिएको दायित्व भुक्तानीमा ठूलो रकम खर्च गर्नु परेकोले नयाँ आयोजनामा पर्याप्त विनियोजन हुन नसक्नु र विगतमा सिर्जित दायित्वको भुक्तानी गर्न बजेट व्यवस्था नगरी थपरकम माग गर्ने प्रवृत्ति रहनु।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम नहुनु।

- बजेट प्रस्ताव गर्दा कार्यक्रम र क्रियाकलापहरूको पहिचान नगरी बाँडफाँट नगरी राख्ने र लामो समयसम्म पनि बाँडफाँट र क्रियाकलाप निर्धारण नगर्ने प्रवृत्ति कायमै रहनु।
- बजेट विनियोजनमा कानूनी प्रावधानको पालना कमजोर रहनु।
- ठूला र प्राथिमकताका आयोजनामा कम मात्र विनियोजन गरी पछि थपबजेट माग गर्ने प्रवृत्ति रहनु।
- प्रदेश सरकार अन्तरगतका निकायहरुमा दक्ष र पर्याप्त प्राविधिक कर्मचारीको अभाव।

**(ग) आयोजना छनौट र प्राथमिकीकरणमा देखिएका समस्याहरूः**

- आयोजना छनौटका आधार, विधि र मापदण्ड तहगत सरकारमा एकरूपता नहुनु,
- तीन तहबीच आयोजना वर्गिकरण सम्बन्धी मापदण्ड पालना नगरिनु।
- हरेक वर्ष साना र टुक्रे नयाँ आयोजना थप्ने प्रवृत्ति कायम रहनु।
- अन्तरनिकाय समन्वय नहुँदा आयोजनामा दोहोरोपना कायमै रहनु।
- प्राविधिक सम्भाव्यता अध्ययन विना आयोजना/कार्यक्रमहरूमा बजेट प्रस्ताव तथा विनियोजन हुनु।
- प्रदेशको आयोजना बैंक र आयोजना प्राथिमिकीकरण गर्ने प्रणाली सुरुवात नहुनु।
- बहुवर्षीय ठेक्का अन्तरगत निर्माणाधीन आयोजनाको लागि पर्याप्त विनियोजन हुन नसक्नु।
- सालबसाली आयोजनामा अपर्याप्त रकम विनियोजन भई समयमै सम्पन्न नहुनु र लागत बढ्नु।

## ७.२ बजेट कार्यान्वयनमा देखिएका समस्याहरू

**(क) चालु खर्चलाई वाञ्छित सीमामा राख्न नसक्नुः**

- प्रदेशका मन्त्रालय/कार्यालयहरुबाटै हुने कार्यको लागि पनि छुट्टै स्वायत्त संस्था वा निकाय गठन गरिँदा प्रशासनिक खर्चको भार बढ्दै गइरहेको।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि पनि सेवा परामर्शमा बजेट विनियोजन तथा खर्च गर्ने गरिएको।
- प्रशासनिक खर्च, भ्रमण, सेमिनार, बैठक, तालिम जस्ता खर्चहरू प्रत्येक वर्षमा वृद्धि हुनु तथा अस्वस्थ प्रतिस्पर्धा हुनु।
- विभिन्न व्यक्ति तथा संस्थालाई दिइने अनुदानको वस्तुगत मापदण्ड तथा वर्गीकरण नहुनु।
- सवारी साधन सञ्चालन र मर्मत खर्च बढ्दै जानु।

**(ख) आयोजना कार्यान्वयन क्षमता कमजोर हुनुः**

- अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक बन्न नसक्नु।
- संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन भएतापनि व्यवस्थापन नहुँदा कतिपय आयोजना प्रभावित हुनु।
- आयोजना/परियोजना प्रमुखहरूको बारम्बार परिबर्तन भइरहनु।
- निर्णय गर्दा जोखिम लिने क्षमता ह्रास हुनु र खर्च नगर्दा/ आयोजना सम्पन्न नगर्दाको उत्तरदायित्व बहन गर्ने प्रणाली कमजोर रहनु।
- कर्मचारीहरूको कार्यसम्पादनलाई निजको वृत्ति बिकास, पुरस्कार, दण्ड र कार्यसम्पादन मापनको आदिको मूल्याङ्कनको वस्तुगत आधार बनाउन नसक्नु, वस्तुगत आधारको निर्धारण र सोको कार्यान्वयन पक्ष कमजोर रहेको छ।
- निर्माणसँग सम्बन्धित आयोजनाको Alignment समय समयमा परिवर्तन हुनु।
- अन्तर निकाय समन्वय/सहयोग कमजोर रहनु।
- स्थानीय तहमा जग्गा, जग्गाको मुआब्जा, स्थानीय प्राकृतिक स्रोतको उपयोगको विवाद र वातावरणीय परिक्षणको टुङ्गो नलगाई आयोजना शुरू गर्नु।

**(घ) निर्माण व्यवसायीको व्यवसायिक क्षमता कमजोर हुनुः**

- व्यवसायीहरूको क्षमताको परिक्षण नगरी ठेक्का दिंदा समयमा काम सम्पन्न नहुनु।
- न्यूनतम रकममा ठेक्का बोल कबोल गर्ने, ठेक्का ओगट्ने र पछि ठेक्का छाड्ने तथा Variation हुने प्रवृत्ति कारण तोकिएको समयमा कार्य सम्पन्न नहुनु।
- अनुगमन र सुपरीवेक्षण पछि पनि सम्बन्धित निर्माण स्थलमा समस्या समाधान नहुनु।

## ७.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या

- नगदमा आधारित लेखा प्रणालीका कारण सबै आम्दानी खर्च, सम्पत्ति र दायित्वको एकीकृत हिसाब आउन नसक्नु।
- वैदेशिक सहायताको शोधभर्ना समयमै माग गर्न कागजात पेश नहुने।
- प्रत्यक्ष भुक्तानी र वस्तुगत सहायताको समयमै प्रतिवेदन प्राप्त हुन नसक्नु।
- आर्थिक वर्षको अन्त्यमा मात्र भुक्तानी दिने प्रवृत्तिले आर्थिक वर्षको अन्त्यमा बढी खर्च देखिनु।
- सूचना प्रविधिमा आधारित तीन तहको एकीकृत सफ्टवेयर अभाव हुनु।

## ७.४ बजेट तर्जुमामा गर्नु पर्ने सुधारहरू

### (क) स्रोत आँकलन र परिचालनलाई वास्तविकतामा आधारित बनाउनेः

- प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँटको अनुपात, संघ अनुदानको रकम बढाउन पहल गर्नुपर्ने।
- प्रदेशको आन्तरिक आय अभिवृद्धि गर्न कानूनी तथा संस्थागत सुधार गर्ने।
- स्थानीय तहबाट संकलन भई प्रदेशलाई प्राप्त हुनुपर्ने राजस्व बाँडफाँट संकलनलाई प्रभावकारी बनाउने।
- सवारी साधन कर संकलनलाई अनलाईन प्रणालीमा बनाई राजस्व संकलनमा सहजता अभिवृद्धि गर्ने।
- घरजग्गा रजिष्ट्रेशनलाई वास्तविक कारोबारमा आधारित बनाउने।
- संघबाट अनुदान र राजस्व बाँडफाँटको सीमा समयमै प्राप्त गरी तोकिएको समयभित्रै बजेट तर्जुमाको कार्य प्रारम्भ गर्न सम्बन्धित निकायमा समन्वय गर्नुपर्ने।
- राजस्व चुहावट नियन्त्रण, करदाता शिक्षा, वित्तीय अनुशासन लगायतको पक्षमा कानूनी व्यवस्था तथा संस्थागत सुधार गर्ने।
- दीर्घकालीन सोच सहितको राजस्व परिचालन नीतिको तर्जुमा गर्ने र राजस्व वृद्धिको प्रक्षेपण गर्दा बढोत्तरीको सिद्धान्तका आधारमा नभई कराधारका आधारमा गर्ने प्रणाली बनाउने।
- विकास सहायता परिचालन सम्बन्धी प्रदेशको नीति तथा कार्यविधि तर्जुमा गरी वैदेशिक सहायतालाई प्रदेशको प्राथमिकता र आवश्यकताका क्षेत्रमा केन्द्रिकृत गर्ने।

### (ख) विनियोजन कुशलता बढाउनेः

- दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने।
- संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा परेका आयोजना/कार्यक्रमको वर्गीकरण गरी सम्बन्धित तहले बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
- मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) लाई यथार्थपरक र संस्थागत बनाई त्यसैको आधारमा बजेट तर्जुमा गर्ने।
- स्रोत सहमति भएका वा निर्माणाधीन बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनालाई बजेट सीमा प्रदान गर्दा नै Earmark गर्ने।
- विस्तृत परियोजना प्रतिवेदन तयार नभएका र परियोजना कार्यान्वयनको पूर्व तयारीका कार्यहरू (जग्गा प्राप्ति, वित्तीय व्यवस्था, वातावरणीय परिक्षण, सीमाङ्कन आदि) पूरा नभएका आयोजनाहरूमा रकम विनियोजन नै नगर्ने नीति अवलम्वन गरी आयोजना प्रवेशमा गुणस्तर कायम गर्ने।
- सवारी साधन, सरकारी भवन, कार्यालय सामाग्री तथा उपकरणहरू समेतको खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।

- सहमति प्रदान गरिएका आयोजना/कार्यक्रमकहरूको लागि आवश्यक पर्ने पर्याप्त रकम सम्बन्धित निकायले नियमित बजेट सीमाबाट प्रस्ताव गर्ने र त्यसरी प्रस्ताव नगरेमा आर्थिक वर्षको बीचमा सो बापत नपुग हुने रकम निकासा नदिने।
- आयोजनाको पुनरावलोकन गरी संख्या घटाउने। तत्काल नयाँ आयोजना सकेसम्म थप नगर्ने।
- आयोजना बैंक स्थापना गरी सोमा समाबेश भएका आयोजनाहरूका लागि मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्ने।
  योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन,२०७६ बमोजिम आयोजना/कार्यक्रम छनौट प्रणाली अवलम्बन गर्ने ।

## ७.५ बजेट कार्यान्वयनमा गर्नु पर्ने सुधारः

### (क) आयोजना कार्यान्वयनको सहज वातावरण तयार गर्नेः

- आर्थिक वर्षको शुरुदेखिनै पूर्ण रूपमा बजेट कार्यान्वयनमा लाग्ने गरी बजेट सार्वजनिक भए पछि पूर्वतयारीका कार्यहरू प्रारम्भ गरी असार मसान्तभित्र सम्पन्न गर्ने व्यवस्था गर्ने।
- आर्थिक वर्षको मध्यमा नयाँ कार्यक्रममा बजेट माग गर्ने प्रवृत्तिको अन्त्य गर्ने।
- आयोजना प्रमुखसँग कार्यक्षेत्र, वित्तीय, सञ्चालन र कार्यान्वयन तालिका, वार्षिक खरिद योजना, कार्यक्रम तालिका गुणस्तर र प्रतिफल लगायतका शर्तहरू राखि कार्यसम्पादन सम्झौता गर्ने।
- आयोजना/परियोजनामा कर्मचारीको सरुवालाई अनुमान योग्य बनाउने।
- कार्य सम्पादन करार सम्झौता अनुसार कार्यान्वयन गर्न नसक्ने र खर्च गर्न नसक्ने पदाधिकारीलाई भविष्यमा आयोजना/कार्यक्रम प्रमुखको जिम्मेवारी नदिने व्यवस्था गर्ने।
- ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीको आपूर्ति व्यवस्थापन सहज बनाउने।
- जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन र रुख कटानको सुनिश्चितता भएपछि मात्र ठेक्का बन्दोवस्त गर्ने परिपाटी बसाल्ने।

### (ख) आर्थिक अनुशासनलाई थप सुदृढ बनाउनेः

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लाई प्रभावकारी कार्यान्वयन गर्ने।
- सरकारी खर्चमा मितव्ययीता कायम गर्ने निर्देशिकाको परिपालना गर्ने।
- बजेट कार्यान्वयन सम्बन्धी मापदण्डहरू र मार्गदर्शनको पूर्ण पालना गर्ने।
- आर्थिक वर्षको अन्तमा मात्र भुक्तानी गर्ने प्रचलनलाई निरुत्साहित गर्ने।
- थपआर्थिक दायित्व सिर्जना हुने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति अनिवार्य लिनुपर्ने व्यवस्थालाई कडाईका साथ पालना गर्ने।

- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाई विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने।

**(ग) सूचना प्रबिधि प्रणालीमा थप सुधार गर्नेः**

- बजेट, खर्च, राजस्व, लेखा र प्रतिवेदन सम्बन्धी प्रयोगमा रहेका सफ्टवेयरहरु PLMBIS, TSA, RMIS, CGAS, PAMS, FMIS लगायतका प्रणालीहरुको तथ्याङ्क, डाटावेशमा पहुच हुनेगरी, प्रदेशकै निकायबाट सानातिना त्रुटि सच्याउन क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम, प्रविधि उपलब्ध गराउनका लागि संघीय सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने।
- आयोजनाको वित्तीय, भौतिक तथा व्यवस्थापकीय प्रगति देखिने आयोजना व्यवस्थापन सूचना प्रणलीको (Project Management Information System) विकास गर्ने।
- सूचना प्रविधिमा आधारित एकीकृत अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्ने।
- निर्माण सम्पन्न भएका आयोजनाहरूको Technical Audit लाई प्रभावकारी बनाउने।
- तीनै तहको सरकारको आम्दानी, खर्च र ऋणको एकीकृत प्रतिवेदन तयार गर्ने।

**(घ) आयोजना कार्यान्वयनको प्राविधिक र प्रशासकिय क्षमता अभिवृद्धिमा जोड दिनेः**

- खर्च गर्ने प्राविधिक र व्यवस्थापकीय दक्षता/क्षमता विकास गर्न जनशक्ति विकास र परिचालनमा जोड दिने।
- निर्माण व्यवसायीहरूको व्यवसायिकता बढाउन सरकारले सहयोग गर्ने। निर्माण व्यवसायीहरूको Capacity Audit गर्ने प्रणालीको शुरुवात गर्ने।
- आयोजनासम्बद्ध जनशक्ति र प्राविधिकलाई क्षमता विकासमा मापदण्डसहित तालिम र प्रशिक्षण दिने।
- बजेट विनियोजन गरेर सम्बन्धित खर्च शीर्षकबाट खर्च गर्न सकिने कार्यको लागि आयोजनाको प्रशासनिक कन्टिन्जेन्सी रकमबाट गैह्रबजेटरी रुपमा खर्च नगर्ने।

**(ङ) अभिलेख, प्रतिवेदन तथा लेखाप्रणालीमा सुधार गर्नेः**

- बजेट कार्यान्वयन प्रगतिको प्रतिवेदन पेश गर्ने प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने। समय मै प्रतिवेदन पेश भए/नभएको जिम्मेवार पदाधिकारीले अनुगमन गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ बमोजिम गर्ने।
- स्पष्ट अधिकार र जिम्मेवारी सहितको छुट्टै अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्र विकास गरेर परिचालन गर्ने। अनुगमन मुल्याङ्कन गर्दा समन्वयात्मक रूपमा नतिजामूखी हुने गरी गर्ने।
- वैदेशिक सहायता परिचालन गर्न सम्झौता गर्दा कै बखत पालना गर्नुपर्ने शर्तहरूका विषयका बारेमा स्पष्ट हुने।
- आयोजनाहरूको अनुगमन र नियमन प्रभावकारी बनाउन प्राविधिक परीक्षण प्रयोगशाला स्थापना गर्ने।

- निर्माण आयोजनाको गुणस्तरमा सुधार ल्याउन निर्माण सम्पन्न भएको कम्तिमा पाँच वर्ष सम्मकै मर्मतको जिम्मेवारी निर्माण ब्यवसायीले नै व्यहोर्नु पर्ने व्यवस्था गर्ने।
- एकल खाता प्रणालीबाट भुक्तानी आदेशको माध्यमबाट नै खर्चको वर्गीकरणको आधारमा लेखा तयार हुने र सम्पत्ति र दायित्वको लेखाङ्कन गर्ने सूचना प्रणाली विकास स्वःचालित रूपमा लेखाङ्कन प्रतिवेदन हुने गरी प्रणाली विकास गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा बजेटमा समावेश गरी कार्यान्वयन गर्ने।

## ७.६ प्रदेशका बहुवर्षीय आयोजना कार्यान्वयनका समस्या र समाधानका उपायहरू

**समस्याहरू**

- प्रदेशका प्राथिमिकता प्राप्त र ठूला तथा बहुवर्षीय आयोजनाहरु छनौटगर्ने मापदण्ड/कानून स्पष्ट नहुनु।
- बहुवर्षीय आयोजनाहरुको निर्माण कार्यलाई निरन्तरता दिन र सिर्जित दायित्व भुक्तानी गर्न रकम अभाव भएकोले अपेक्षित प्रगति हासिल हुन नसकेको।
- आयोजनाको निर्माण गर्ने मोडालिटी, कुल लागत, समयावधि, जग्गा प्राप्ति/मुआब्जा, पुनर्वास र विस्तृत प्रतिवेदन जस्ता आधारभूत विषयहरू तयार नभई गौरवका आयोजनाहरूको रूपमा आयोजना वर्गीकरण हुनु।
- निर्माण मूल्याङ्कनहरूको प्राविधिक, वित्तीय व्यवस्थापकीय क्षमता परीक्षण नगरी ठेक्का लगाउनु, नियमित अनुगमन मूल्याङ्कन नगरिनु तथा तोकिएको समयमा कार्य सम्पन्न गर्न सहजीकरण गर्न र निर्माण व्यवसायीहरूलाई बाध्य पार्न नसक्नु।
- दक्ष प्राविधिक कर्मचारी तथा श्रमिक र निर्माण सामाग्रीहरूको अभावका कारण समयमै निर्माण कार्य सम्पन्न नहुनु।
- निर्माणस्थलको साइट क्लियरेन्स नहुँदै ठेक्का सम्झौता गरिने कारणले निर्माण व्यवसायीले नियमित रूपमा काम गर्न नपाउँदा पटक पटक म्याद थप गरी भेरिएसन समेत दिनुपर्ने अवस्था देखिएकोले आयोजनाको लागत बढ्दै जाने अवस्था सिर्जना भएको।
- आयोजना स्थलका बासिन्दाहरूसँग समन्वयको अभावका कारण पटक पटक आयोजना सञ्चालनमा अवरोध हुने गरेको।
- आयोजना कार्यान्वयन गर्दा कार्ययोजना अनुसार कार्यान्वयन नहुनु र आयोजना शुरू भइसकेपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिका कारण आयोजनाको लागत वृद्धिहुने गरेको।
- आयोजनाको स्वीकृति तथा निर्माणको चरणमा पनि आयोजनाको लागि लाग्ने स्रोत तथा मोडालिटी तय नहुँदा आयोजना समयमा नै सम्पन्न नभई लागत समेत वृद्धि हुने गरेको।
- बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न विनियोजनले अपुग भईरहेको अवस्थामा बचत रकम वा आयोजनाको कन्टिन्जेन्सी रकम सम्बन्धित आयोजना बाहेक अन्य कार्यमा खर्च गरिनु।

- आयोजना सञ्चालन गर्ने निकायहरू, अन्तरतह र स्थानीय सरोकारवालाहरूबीच समन्वय नहुनु।

**समाधानका उपायहरू**

- ठूला र रूपान्तरणकारी आयोजनाको प्रतिफल, लागत, समयसहित अन्य पूर्वतयारी गरेर मात्र प्रादेशिक प्राथमिकता प्राप्त एवम् बहुवर्षीय आयोजनाको रूपमा घोषणा गर्ने।
- बहुवर्षीय आयोजना सञ्चालन गर्दा प्रदेशको स्रोत तथा वित्तीय क्षमतालाई विश्लेषण गरेर मात्र आयोजना सञ्चालन प्रक्रिया सुरु गर्ने।
- विस्तृत परियोजना प्रतिवेदन समयमा नै तयार गरी समयबद्ध कार्ययोजनाका आधारमा आयोजना सञ्चालन गर्ने। आयोजना शुरु भएपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्ति नदोहोऱ्याउने।
- समयमै आयोजना कार्यान्वयन र सञ्चालन ढाँचा निर्धारण गर्ने एवम् वित्तीय स्रोत साधनको व्यवस्थापन उचित ढङ्गबाट गर्ने।
- आयोजना कार्यान्वयनको लागि उच्चस्तरको व्यवस्थापकीय र प्राविधिक जनशक्ति व्यवस्था गर्ने।
- आयोजनामा क्रियाकलापहरूको नतिजा मापन गर्न स्पष्ट मानक र प्रतिफल सूचकका आधारमा कार्यसम्पादन सम्झौता भएकोमा त्यसको समीक्षा गरी सम्बन्धित आयोजना प्रमुखलाई जिम्मेवार र जवाफदेही बनाउने।
- आयोजना सञ्चालनको व्यवस्थापकीय र प्राविधिक क्षमता वृद्धिमा जोड दिने।
- प्रदेशको बहुवर्षीय आयोजना व्यवस्थापन तथा सञ्चालन सम्बन्धी छुट्टै कानूनी प्रबन्ध गर्ने।
- पर्याप्त कारण विना नै आयोजना प्रमुख लगायत आयोजनामा खटिएका कर्मचारीहरू छिटो छिटो परिवर्तन नगर्ने।
- बहुवर्षीय आयोजनाहरूको कानूनी विवाद, स्थानीय अवरोध एवम् खरिदसम्बन्धी विषयहरूमा द्रुत गति निर्णय गर्ने व्यवस्था मिलाउने। आयोजनाको शुरुवाती चरणमा नै स्थानीयसँग छलफल गरी सहमतीमा ल्याउने।
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानून तर्जुमा गरी विकास परिणामको लागि व्यवस्थापकीय प्रवन्धमा आधारित प्रणाली लागू गर्ने।
- आयोजना प्रमुखलाई समय, लागत र गुणस्तर प्रति जिम्मेवार बनाउन कार्य सम्पादन स्तरलाई Grading गर्ने प्रणाली विकास गर्ने। आयोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहका बीच उच्चतम समन्वय कायम गर्ने।

## ७.७ अन्तर सरकारी वित्त हस्तान्तरणमा देखिएका समस्या र समाधानका उपायहरू

**समस्याहरू-**

- स्थानीय तहको विनियोजन, आम्दानी र खर्चको एकिकृत विवरण प्राप्त हुन नसकेको।
- संघीय सरकारले बजेट तर्जुमा गर्दा प्रदेश र स्थानीय तहसँग छलफल गर्ने परिपाटी नहुँदा बजेट कार्यान्वयनमा प्रदेश र स्थानीय तहको अपनत्वको कमी रहेको।

- प्रदेश र स्थानीय तहमा परियोजना बैंक नहुँदा नयाँ नयाँ र साना आयोजनामा बजेट छर्ने प्रवृत्ति कायमै रहेको।
- संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम र आयोजनामा दोहोरोपन कायम रहनु।
- सशर्त अनुदानबाट सञ्चालन हुने आयोजनामा पर्याप्त बजेट प्राप्त नहुदा कार्य अधुरो रहने र सिर्जित दायित्व भुक्तानीमा स्रोत अभाव हुनु। थपरकम माग गर्दा समयमै र पर्याप्त रकम प्राप्त नहुनु।
- प्रदेशतहले नेपाल सरकारको आयोजना/कार्यालयमा समेत बजेट विनियोजन गर्ने कारण स्रोतको परिचालनमा दोहोरोपन र उत्तरदायित्वमा जटिलता सिर्जना भएको।
- संघीय सरकारका निकायहरूबाट प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिने सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम कार्यान्वयनमा सम्बन्धित निकायहरूको तदारूपता नहुँदा हस्तान्तरण पछि संघीय सरकारका निकायहरूले बजेट कार्यान्वयनको दायित्व पन्छिएको महशुस गर्नु।

**समाधानका उपायहरू-**

- प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत गर्ने।
- बजेट तर्जुमा एवम् छनौट र कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न परियोजना बैंक (Project Bank) लाई आधार लिई आयोजना तर्जुमा, कार्यान्वयन अनुगमन र मूल्याङ्कन तथा रिपोटिङ्गमा तीनै तहका बीचमा यथोचित सहकार्य र समन्वय गर्ने।
- मध्यकालीन खर्च संरचनाका आधारमा खर्च र प्रतिफललाई पूर्वानुमान योग्य बनाउने।
- संविधानको अनुसूची अनुसारको कार्यहरू गर्ने गरी संगठन संरचना, कर्मचारी व्यवस्थापन तथा कर्मचारीको दक्षता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहमा नागरिकको न्यायपूर्ण सहभागिता सुनिश्चित गर्ने।
- खर्च आवश्यकता तथा राजस्व सम्भाव्यताको लेखाजोखा गर्दै प्रदेशको आन्तरिक राजस्व संकलन र वित्तीय स्रोत परिचालनमा आत्मनिर्भर हुने ।
- प्रदेशको तथ्याङ्कलाई विश्वसनीय र भरपर्दो बनाई प्राथमिक तहको तथ्याङ्कको रूपमा लिने।
- प्रदेश र स्थानीय तहको चालु खर्चलाई वाञ्चित सिमा भित्र राख्दै पूँजीगत खर्चमा गुणात्मक वृद्धि गर्ने।
- उत्तरदायी आर्थिक व्यवस्थापन गर्दै वित्तीय सुशासन कायम गर्न सामाजिक उत्तरदायित्वका उपायहरू अवलम्वन गर्ने।

## निष्कर्ष

आर्थिक वर्ष २०७९/८० बजेट कार्यान्वयनमा अघिल्लो वर्षको तुलनामा केही सहज भएको छ। कोशी प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट महत्वपूर्ण आयोजना तथा कार्यक्रमहरु सञ्चालन भएका छन्। कोशी प्रदेशको आ.व.२०७९/८० को सरकारी खर्चतर्फ शुरु विनियोजनको ७७.०३ प्रतिशत र राजस्व तथा अनुदानतर्फ लक्ष्यको प्रगति ८६ प्रतिशत रहन पुग्यो। स्रोतको दृष्टिकोणले अन्य प्रदेश भन्दा कम आय

भएतापनि सीमित स्रोत साधनको परिचालनबाट पनि कोशी प्रदेश अरु प्रदेश भन्दा बढी खर्च गर्न सक्ने प्रदेशको रुपमा रहेको छ।

प्रदेशको आयको ठूलो हिस्सा संघ अनुदानमा नै निर्भर रहनु र प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित हुनु, स्थानीय तहबाट बाँडफाँट भई प्रदेशलाई प्राप्त हुने राजस्व समेत प्राप्त नहुनु राजस्व परिचालनका प्रमुख समस्या एवम् चुनौतीका रूपमा विद्यमान छन्। प्रदेशमा विकासको माग र ठेक्का प्रक्रियाबाट दायित्व सृजना भएको बढ्दो सार्वजनिक खर्चलाई व्यवस्थापन गर्न संघ वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउनुका साथै आन्तरिक राजस्वमा समेत अभिवृद्धि गर्नुपर्ने देखिन्छ भने सार्वजनिक खर्चलाई पर्याप्त विश्लेषण गरी उत्पादनमूलक क्षेत्रमा मात्र परिचालन गर्ने नीति लिनु पर्ने देखिन्छ। सार्वजनिक खर्चतर्फ प्रादेशिक महत्वमा प्राथिमिकता प्राप्त एवम् बहुवर्षीय आयोजना लगायतका ठूला पूर्वाधार आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ।

आर्थिक वर्ष २०७९/८० मा वित्त व्यवस्थापन सुधारको दृष्टिकोणले महत्वपूर्ण रहेको छ। विगत वर्षहरुमा भएका त्रुटि सच्याई वित्त व्यवस्थापनलाई नयाँ गतिमा अगाडि बढाउने अवसर समेत प्राप्त भएको छ। विश्वव्यापी रुपमा फैलिएको महामारीबाट अर्थतन्त्रमा केहि सुधारका संकेत भए पनि रुस युक्रेन वीचको युद्धले मुलुकको अर्थतन्त्रमा केही प्रभाव परेको, संघबाट अनुदानको रकम कटौती भएतापनि प्रदेशको राजस्व संकलनमा केही सुधारको अवस्था भयो।यस मन्त्रालयबाट दिइएको श्रोत सुनिश्चितताको खारेजी, सार्वजनिक खर्चमा गरिएको सावधानीले गर्दा आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोष अनुकूल रह्यो। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ कार्यान्वयन भएको, सार्वजनिक खर्चमा मितव्ययीता एवम् प्रभावकारी अभिवृद्धिका लागि गरिएका प्रयास, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र बजेट कार्यान्वयनको आवधिक समीक्षा गरी कार्यान्वयनमा समन्वय गरिएको साथै प्रभावकारी रुपमा परिचालन गरिएकोले वित्त सन्तुलनमा सकारात्मक प्रभाव परेको छ।

# अनुसूची-१

## आ.व. २०७९/०८० मा कायम बजेट विनियोजन

| आ.ब. २०७९/८०को बजेट | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मन्त्रालय/निकाय | सुरुविनियोजन | रकमान्तर घट | रकमान्तर थप | अर्थविविधबाट थप | संघसशर्त अनुदान थप | कायम भएको बजेट |
| १ | प्रदेश व्यवस्थापिका सचिवालय | २४८८३५ | ० | ० | ० | ० | २४८८३५ |
| २ | प्रदेश लोकसेवा आयोग | ९०००० | ० | ० | २१०० | ० | ९२१०० |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १९५०० | ० | ० | ६० | ० | १९५६० |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८२२६६५ | १३४६०६.३७२ | ० | १००० | २६७.९९४ | ६८९३२६.६२२ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १९०५९६ | ३४२४ | ० | १५०२१९३.९९२ | ० | १६८९३६५.९९२ |
| ६ | उद्योग, श्रमतथा रोजगार मन्त्रालय | ४६९२५४ | ११००० | ५४१.८ | ० | १४३६.२५ | ४६०२३२.०५ |
| ७ | कृषिमन्त्रालय | २३८८४५० | ४५१३६०.२८ | ० | ० | ५८०५३.०८ | १९९५१४२.८ |
| ८ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५९५७९१६ | ० | ० | ३६०६९०.७७२ | ० | ६३१८६०६.७७२ |
| ९ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६७४८१० | ४५०० | १६६१ | २७५९ | ० | ६७४७३० |
| १० | पर्यटन तथा संस्कृति मन्त्रालय | ११२२६५० | ४५३०० | ५१२ | ० | ० | १०७७८६२ |
| ११ | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | १८२३०५४ | ८७ | १६२२४ | १४३६.४०५ | २४६९९ | १८६५३२६.४०५ |
| १२ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २५६०९९ | ३४०९७.९८८ | ० | १२९१.६६४ | ० | २२३२९२.६७६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मन्त्रालय | | | | | | |
| १३ | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १२८८१२०६ | ३१०० | ३१७९९ | १८३४४६५ | ८४०० | १४७५२७७० |
| १४ | सामाजिक विकास मन्त्रालय | १७८७४०० | २४३७४६ | ० | ८२००० | १७००० | १६४२६५४ |
| १५ | यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय | ३०५००० | १६६१ | ० | ० | ० | ३०३३३९ |
| १६ | स्वास्थ्य मन्त्रालय | ३५६०८४४ | ० | ० | ६३ | ७९३८७ | ३६४०२९४ |
| १७ | प्रदेश योजना आयोग | ५०६८८ | ० | ० | ० | ० | ५०६८८ |
| १८ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | २०००० | ० | ० | ० | ० | २०००० |
| १९ | अर्थ विविध | ३९१७८८४ | ४१९४६८३.८३३ | २९४११७.४६८ | ० | ० | १७३१७.६३५ |
| २० | स्थानीय तह | ३१५१४४९ | ० | ५८८०२७.३७२ | ४०६६२४ | ० | ४१४६१००.३७२ |
| जम्मा | | ३९७३८३०० | ५१२७५६६.४७ | ९३२८८२.६४ | ४१९४६८३.८३ | १८९२४३.३२ | ३९९२७५४३.३२४ |